# अभियान साप्ताहिक

ABHIYAN WEEKLY

Devendrachudal@gmail.com

वर्ष : ४२ / अंक : २७ / २०८१ फागुन २ गते शुक्रबार / नेपाल सम्वत ११४५ / Feb. 14, 2025 / मूल्य रू. १०/-


## सत्ता स्वार्थमा गाली गलौज

काठमाडौ । पछिल्लो समयमा माओवादी केन्द्रका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल कडा रूमपा केपी ओली नेतृत्वको सरकारका विरूद्धमा अभिव्यक्ति दिन थालेका छन् । दाहालले माघ २४ गते संसदलाई सम्बोधन गर्दै त्यस्ता अभिव्यक्ति दिएका हुन् । दाहालले आफूले सरकारको नेतृत्व गर्दा गरेका काम कारबाहीलाई उपलब्धिमूलक रहेको संसदलाई बताएका भएपनि त्यसबेला उनले रवि लामिछानेलाई उन्मुक्ति दिएको विषयलाई भने उठाएनन् ।

ललिता निवास जग्गा प्रकरणमा नक्कली गुठी खडा गरेर नक्कली मोहीलाई सरकारी जग्गामा मोही बनाउने निर्णय गर्ने तत्कालिन प्रधानमन्त्री बाबुराम भट्टराई र अर्का तत्कालिन प्रधानमन्त्री माधव नेपालको नेतृत्वको सरकारले हदभन्दा बढीको काभ्रेको जग्गा विक्रि गर्ने निर्णयकर्ताहरूलाई उन्मुक्ति दिएका थिए ।

पुष्पकमल दाहालले वर्तमान सत्ता गठबन्धनभित्र द्वन्द्व ल्याउने हर प्रयास गरिरहेका बेला सत्ता गठबन्धनको प्रमुख घटक नेपाली


बाँकी ८ पेजमा



हामीलाई *www.abhiyanweekly.com.np* मा पनि पढ्न सकिन्छ ।


## विवादको घेरामा भूमिसम्बन्धी अध्यादेश

काठमाडौ । हालै सरकारले ल्याएका ६ वटा अध्यादेश मध्येको भूमिसम्बन्धी अध्यादेश पेचिलो र विवादित बन्दै गएको छ । किनभने सत्तामा सहभागि भएको नेपाली कांग्रेसकै एक समूह यसको विपक्षमा देखिएको छ । भूमि सम्बनधी अध्यादेशका बारेमा विभिन्न क्षेत्रबाट अलग अलग धारणाहरू सार्वजनिक भईरहेका हुनाले त्यस विषयमा गहन अध्ययन र बहस आवश्यक रहेको देखिन्छ ।

भूमिसम्बनधी अध्यादेशले गर्दा अब हदबन्दी भन्दा बढीको जग्गालाई सरकारले आफ्नो नाममा ल्याएर गरिब, सुकुम्बासीहरूलाई दिन सक्ने व्यवस्था गरिएको खण्डमा त्यो व्यवहारिक हुन सक्छ । हदबन्दी भन्दा बढीको जग्गासमेत माधव नेपाल प्रधानमन्त्री रहेका बेला काभ्रेमा विक्रि वितरण गरिएको थियो । रामदेवको पतञ्जली योगपिठलाई ९ सय १५ रोपनी जग्गा दिने निर्णय माधव


बाँकी ८ पेजमा


## सत्तामा पुग्नैका लागि रास्वपाप्रति नरम

काठमाडौ । कहिले कांग्रेस र कहिले नेकपा एमालेलाई फस्याङ फुस्लुङ पारेर अहिलेको संसदको कार्यकालभरी आफैँ सत्ताको बागडोरमा रहेर रजगज गर्ने सपना देखेका पुष्पकमल दाहालको सपनामाथि कांग्रेस-एमालेले गत असार १७ गते ७ बुँदे सहमति गरेपछि दाहाल सत्ताच्यूत हुन पुगेका थिए । सत्ताबाट बाहिरिनु परेका दाहाल फेरी सत्ता आईहाल्छ कि भन्दै अनेक प्रकरणले झिनो आशा लिएर अघि बढिरहेका छन् । आफूँ सत्ताको खेलमा नरहेको बताउदै आएका भएपनि वर्तमान सत्ता गठबन्धनलाई असम्वैधानिक र अप्राकृत्तिक भन्दै विरोध गरिरहेका छन् ।

पछिल्लो समयमा दाहालले दोहोरो अभिव्यक्ति समेत दिँदै आएका छन् । आगामी निर्वाचनमा आफ्नो पार्टीले २०६४ लाई दोहोऱ्याउने बताउँदै आएका भएपनि २०८४


बाँकी ८ पेजमा


# अन्तर्राष्ट्रिय जगतमा नेपालको छवी ओरालो लाग्दै

### भ्रष्टाचार नियन्त्रण गर्न दल र राजनीतिज्ञहरु नै सच्चिनु आवश्यक !







काठमाडौ । जो सुकै दलको नेतृत्वमा सरकार बनेपनि उनीहरूले सुशासनको विषयलाई पहिलो प्राथमिकतामा राख्ने गरेका छन् । गत असार १७ गते नेपाली कांग्रेस र नेकपा एमालेबीचमा भएको ७ बुँदे सहमतिमा समेत सुशासनलाई पहिलो प्राथमिकतामा राखिएको छ । तर परिणाम भने उल्टो आएको छ ।

भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्न राज्यका तीनै अङ्ग कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका उदासिन रहेकाले गर्दा अन्तर्राष्ट्रिय जगतमा नेपालको छवी निरन्तर ओरालो लाग्दै गएको छ । भ्रष्टाचार र सशुसन निगरानी गर्ने अन्तर्राष्ट्रिय संस्था ट्रान्सरेन्सी इन्टरनेशनलको भ्रष्टाचार अवधारणा सूचकांक (सिपीआई) अनुसार र नेपाल अति भ्रष्टाचार हुने मुलुकको सूचीबाट बाहिर निस्कन नसकेको हुनाले नेपालमा कति भ्रष्टाचार हुँदो रहेछ भन्ने प्रष्ट भएको छ ।

ट्रान्सपरेन्सी २०२३ को प्रतिवेदनमा सुशासनमा नेपालले १०० अकंमा जम्मा ३५ अंकमात्र प्राप्त गरेको थियो । २०२४ को प्रतिवेदन अनुसार नेपालको स्तर सुधार हुनुको बदला स्तर खस्किएको र १०० अंकमा ३४ मात्र पाएकाले गर्दा स्तर खस्किएको प्रमाणित भएको छ । ट्रान्सपरेन्सीले १०० अंकमा ५० भन्दा कम अंक प्राप्त गर्नेलाई अति भ्रष्टाचार हुने देशको सूचीमा राख्दै आएको छ । सर्वेक्षणमा समेटिएको १ सय ८० मुलुक मध्येमा नेपाल १०७ औं नम्वरमा रहेको छ ।

गत वर्ष १ सय ८ औं नम्वरमा रहेको भएपनि २०२४ मा १ नम्वर तल झरेको छ । सीपीआईले नेपालको सुशासन स्तरमा कुनै सुधार नभएको र राज्यले सशुनको लागि कुनै ठोस उपलब्धि हाँसिल गर्न नसकेको जनाएको छ । मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रमा गएर सोही अनुसार संविधान


बाँकी ८ पेजमा


## गैरसरकारी संस्थाहरू पनि भ्रष्टाचारका जड

काठमाडौ । केपी ओली नेतृत्वको सरकारले सबै गैरसरकारी कारोबारको अध्ययन अनुसन्धान सुरू गर्ने निर्णय गरेको छ । गैरसरकारी संस्थाहरूले गर्ने गरेको खर्च पारदर्शी नभएको आवाज उठ्दै आएको भएपनि सरकारको ध्यान त्यतातिर पुग्न सकेको थिएन । अब सरकारले गैर सरकारी संस्थापनि र त्यसका सञ्चालकहरूको सम्पत्ति पनि शुद्धीकरण र निगरानी गर्ने निर्णय भएको छ ।

प्रत्येक क्षेत्रमा विगत देखि नै विकासका नाममा भएको ज्यादतीमा अनेक शंका उपशंका उब्जिँदै आएको थियो । ९ वर्षमा ३ खर्ब बराबरका परियोजनाहरू सञ्चालन भएका तर खर्च विवरण पारदर्शिताको अभावले स्वत भ्रष्टाचारको अखडा बन्दै आएका थिए । त्यसैले हुन सक्छ, अमेरिकाले विभिन्न देशमा दिँदै आएको सहयोग रकम कटौती गर्नुको पछाडिको कारणमा यस्तै विविध शिर्षकमा भएको अपारदर्शिता पनि एक हुन सक्छ । त्यही कारणले गर्दा सरकारले ७७ वटै जिल्ला प्रशासन कार्यालयहरूमा परिपत्र गरेर गैर सरकारी संस्थाहरूले गर्ने गरेका काम र संस्थाका सञ्चालकहरूको सम्पत्ति विवरण संकलन गर्न आदेश दिएको छ ।

गैर सरकारी संस्थाहरूले एउटा क्षेत्रका लागि रकम ल्याउने तर सो रकम दुरूपयोग


बाँकी ८ पेजमा


## दाहालका अभिव्यक्ति संकट कि अवसर

काठमाडौ । निकै लामो समयदेखि नेपालको समयसामयिक राजनीति उथल पुथल र अस्थिरताले घेरिँदै आएको छ । यसैको सेरोफेरोमा माओवादी केन्द्रका अध्यक्ष एंव पूर्व प्रधानमन्त्री पुष्पकमल दाहालबाट यस्तै प्रकारका अभिव्यक्ति कडा रूपमा व्यक्त भइरहेका छन् । दाहालका त्यस्ता अभिव्यक्तिले राजनीतिक परिदृष्यमा भन्दा गाली गलौजमा परिणत हुँदै गएको टिप्पणी समेत हुने गरेको छ । त्यस्ता अभिव्यक्तिले नेपालको भावी राजनीतिमा कस्तो प्रभाव पर्छ भन्ने चर्चा परिचर्चा समेत हुन थालेको छ ।

पछिल्लो समयमा दाहाल एमाले अध्यक्ष एवं प्रधानमन्त्री केपी ओलकिो आलोचना गर्नमै व्यस्त रहेका छन् । यसै क्रममा दाहालले प्रधानमन्त्री ओलीलाई अनेक राजनीतिक एवं



व्यक्ति केन्द्रित आरोप समेत लगाउँदै आएका छन् । दाहालको उथल पुथल पूर्ण राजनीतिक यात्रालाई हेर्दा आगामी आरोपको अहिलेको श्रृखला अझ बढ्दै जाने देखिन्छ ।

यो श्रृखला विगतमा जस्तो ढाडमा टेकेर टाउकोमा हान्ने र अन्तरविरोधलाई सक्दो उपयोग गर्दै सत्ता केन्द्रित दाहाल कुटनीतिबाट अभिप्रेरित होइन/छैन भन्ने आधार भने भेटिँदैन । तर दाहालका अभिव्यक्ति वर्तमान सत्ता गठबन्धनभित्र आशंका उत्पन्न गराउँदै सत्ता गठबन्धनभित्र द्वन्द्व निम्त्याउने अस्त्र भने पक्कै बन्ने देखिन्छ । यस्तो अवस्थामा नेपालको लोकतान्त्रिक प्रक्रिया र सम्बृद्धिको लागि सोचेभन्दा घातक सावित हुन सक्ने सम्भावना देखिएको छ ।


बाँकी ८ पेजमा


# दाहालले दिएका थिए रवि लामिछानेलाई सफाई

काठमाडौ । पूर्व प्रधानमन्त्री एवं माओवादी केन्द्रका अध्यक्ष समेत रहेका पुष्पकमल दाहालले वर्तमान सत्ता गठबन्धनको केपी ओली नेतृत्वको सरकार अलोकप्रिय र असफल सावित भएको उद्घोष गर्दै आएका छन् । ओली सरकार आसफल सावित हुनु भनेको माओवादी केन्द्र र अध्यक्ष दाहाल सफल हुनु चाँहि हुँदै होइन । के दाहाल सत्ताका लागि विचौलिया र दृष्य, अदृष्य शक्ति स्वार्थको लागि चलखेलमा नलागेका स्वच्छ नेता हुन् त भन्ने चर्चा समेत यतिबेला चल्ने गरेको छ । दाहाल संसदमा प्रमुख विपक्षी दलका नेता समेत रहेकाले सरकार असफल भए उनी चाँहि कसरी सफल त ?

पुष्पकमल दाहालको सत्ता मोहबाट आजित भएका नेपाली कांग्रेस र नेकपा एमालेले गत



असार १७ गते ७ बुँदे सहमति गरेर सरकार निर्माण गरेपछि मात्र दाहाल सत्ताको रिङबाट बाहिरिएका थिए । सत्ताबाट विमुख भएपछि उनी र उनका सबै गतिविधि, अभिव्यक्ति, सत्ता प्राप्तिकै खेलमा नै निर्देशित भएका छन् । सहकारीको रकम ठगी प्रकरणमा मुछिएका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने प्रति उनी नरम रहेका र सरकारले उनलाई प्रतिशोध लिएको आरोप लगाउँदै उनी आफैँ न्यायाधिश भएजस्तो व्यवहार देखाउँदै लामिछानेलाई सफाई दिँदै आएका छन् ।

लामिछाने माथि उनले देखाएको सदासयता समेत सत्ता स्वार्थमै जोडिएको छ । परिस्थितिलाई आफ्नो पक्षमा पार्न खप्पिस रहेका दाहाल अहिले रास्वपाको पक्षमा सरकारात्मक


बाँकी ८ पेजमा


## साल्ट ट्रेडिङकी सीईओ उर्मिला श्रेष्ठ 'म्यानेजर अफ द इयर'बाट सम्मानित



काठमाडौं । साल्ट ट्रेडिङकी प्रमुख कार्यकारी अधिकृत (सीईओ) उर्मिला श्रेष्ठ 'म्यानेजर अफ द इयर' अवार्डबाट सम्मानित भएकी छन् । नेपाल व्यवस्थापन संघले आफ्नो ४४औं वार्षिक साधारणसभामा हरेक वर्ष


बाँकी ८ पेजमा

# अत्याचारी सरकारको बारेमा केही तीतो सत्य

दीपेशराज गौतम

भारतीय जनता पार्टी (भाजपा) का नेताहरूले धार्मिक स्थलले सरकारी जग्गाको केही भाग अतिक्रमण गरेको भनी गरेको रूढीवादी आरोपमा अधिकारीहरूले उत्तर प्रदेशमा अर्को मस्जिद भत्काएका छन् । कश्मीर मिडिया सर्भिसका अनुसार, मस्जिदको चारैतिर ब्यारिकेड लगाएपछि प्रहरी बलको भारी तैनाथीको बीचमा भत्काउन सुरु गरिएको थियो । यसअघि अदालतले फेब्रुअरी ८ सम्म मस्जिद भत्काउन रोक लगाएको थियो । रोकको समय सकिएपछि, अधिकारीहरूले भत्काउन थाले । गत वर्ष सेप्टेम्बर १७ मा भाजपा नेता रामभचन सिंहले हाटा क्षेत्रमा सरकारी जग्गामा एसियाको सबैभन्दा ठूलो मस्जिद निर्माण भइरहेको दाबी गरेपछि यो कुरा बाहिर आएको थियो । यद्यपि, मस्जिद समितिका जाकिर खानले मस्जिदले जाकिर हुसेन र अजमातुन्निसाबाट ३२ दशमलव जग्गा पाएको बताए । मस्जिद त्यो ३० दशमलव र मस्जिदको दुई दशमलव जग्गामा बनाइएको थियो जुन मस्जिदको वरपर खाली छ ।

पत्रकारहरूसँग कुरा गर्दै, मस्जिदका प्रतिनिधि सैफुल्लाह खानले बुलडोजरको आलोचना गर्दै भने कि यो भत्काउनु भारतीय सर्वोच्च अदालतको निर्देशनको उल्लङ्घन हो । उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथको बुलडोजर कारबाहीको पछिल्लो लक्ष्य मस्जिद हो ।

नयाँ दिल्लीको तिहार जेलमा एर रशिदले भोक हडताल जारी राखेका छन्, भारतले अवैध रूपमा कब्जा गरेको जम्मू र कश्मीरमा अवामी इत्तेहाद पार्टीका अध्यक्ष तथा भारतीय संसदका सदस्य इन्जिनियर रशिदले आज दशौं दिन पनि भोक हडताल जारी राखेका छन् । कश्मीर मिडिया सेवाका अनुसार, नयाँ दिल्लीको कुख्यात तिहारा जेलमा थुनामा रहेका एर रशिद आफ्नो निरन्तर अवैध नजरबन्दको विरोधमा र संसद सत्रबाट आफूलाई टाढा राख्नको लागि भोक हडतालमा छन् ।

भोक हडतालको क्रममा शुक्रबार उनको स्वास्थ्य बिग्रियो, त्यसपछि उनलाई नयाँ दिल्लीको अस्पतालमा भर्ना गरिएको थियो । उनी २०१९ देखि कालो कानून गैरकानूनी गतिविधि (रोकथाम) ऐन अन्तर्गत जेलमा छन् । श्रीनगरमा एक विज्ञप्तिमा, एआईपीका केन्द्रीय प्रवक्ता इनाम-उन-नबीले पार्टी प्रमुखको बिग्रँदै गएको स्वास्थ्यप्रति गहिरो चिन्ता व्यक्त गर्दै राम मनोहर लोहिया अस्पतालमा उनको भोक हडताल जारी रहेको बताए ।






यसैबीच, एआईपीले जम्मूमा एक बैठकमा भारतीय न्यायपालिकालाई एर रशिदलाई न्याय र सबै आधारभूत सुविधाहरूको प्रावधान सुनिश्चित गर्न आग्रह गरेको छ ।

बैठकले पार्टी प्रमुखको बिग्रँदै गएको स्वास्थ्यप्रति गम्भीर चिन्ता व्यक्त गर्दै निर्वाचित सांसदलाई अन्यायको शिकार बनाउनु लोकतान्त्रिक सिद्धान्तको गम्भीर उल्लङ्घन भएको बताएको छ ।

इल्तिजा मुफ्तीले बारामुल्लाको कठुआमा भएको नागरिक हत्याको न्यायिक अनुसन्धानको माग गरेकी छिन् ।

पिपुल्स डेमोक्रेटिक पार्टीका नेता इल्तिजा मुफ्तीले भारतको अवैध रूपमा कब्जा गरिएको जम्मू कश्मीरमा भारतीय



सेनाद्वारा कठुआ र बारामुल्ला जिल्लामा दुई नागरिकको गैरकानूनी हत्याको न्यायिक अनुसन्धानको माग गरेकी छिन् ।

कश्मीर मिडिया सर्भिसका अनुसार, पीडीपी अध्यक्ष मेहबुबा मुफ्तीकी छोरी इल्तिजाले कठुआमा भारतीय सेनाको हिरासतमा यातना दिएर मारिएका एक युवकको परिवारलाई भेटिन् । उनले जम्मूको पार्टी मुख्यालयमा पत्रकार सम्मेलनलाई सम्बोधन गर्ने कार्यक्रम थियो तर ठूलो संख्यामा तैनाथ प्रहरी कर्मचारीहरूले सर्किट हाउसबाट बाहिर निस्कन दिएनन् ।

इल्तिजाको कठुआ भ्रमण श्रीनगरमा आफू र उनकी आमालाई घरमै नजरबन्दमा राखिएको बताएको एक दिनपछि भएको हो । 'म कठुआ र बारामुल्लामा भएका मानवअधिकार उल्लङ्घनका दुवै घटनाहरूको न्यायिक अनुसन्धानको माग गर्छु । बारामुल्लामा, बुधबार भारतीय सेनाले चेकपोस्टमा एक ट्रक चालकको गोली हानी हत्या गरेको थियो ।'

र कठुआ घटनामा, जितेन्द्र सिंह भनेर चिनिने स्टेशन हाउस अफिसरले एक जनालाई हिरासतमा लिएर यातना दिएर मारेका थिए । परिवारहरूले भने कि उनीहरूबाट पैसा असुल्नका लागि उनीहरूका छोराछोरीहरूलाई उठाएको थियो । प्रहरी अधिकारीको कामले गर्दा सम्पूर्ण क्षेत्र आतंकित छ, इल्तिजाले सर्किट हाउसको गेट भित्रबाट पत्रकारहरूलाई भनिन्, प्रहरीले बाहिर निस्कन अनुमति नदिएपछि ।

उक्त अधिकारी विरूद्ध अहिलेसम्म कुनै कारबाही नभएको प्रश्न गर्दै उनले भनिन्, 'म एक हानिरहित केटी हुँ... के म यहाँ कुनै कानून तोड्न आएकी हुँ? म श्रीनगरबाट जम्मू रातको समयमा चोर जस्तै आएकी थिएँ र बिहान ६ बजे कठुआ पुगेकी थिएँ । जम्मू फर्किएपछि मलाई हिरासतमा लिइयो ।' 'मैले के गल्ती गरेकी छु? यदि कुनै मानवअधिकार उल्लङ्घन भएको छ भने, जवाफदेहिता हुनुपर्छ र हामीलाई जान्न आवश्यक छ कि एक युवाले किन यसरी आफ्नो जीवन समाप्त गर्यो?,' उनले भनिन् ।

नेशनल कन्फरेन्स सरकारको आलोचना गर्दै इल्तिजाले भनिन् कि मुख्यमन्त्रीले मृतक युवाकी विधवालाई सान्त्वना दिनुको सट्टा दिल्लीमा 'अल फ्रेस्को' दिवाभोज आयोजना गरिरहेकी छिन् । ती युवाकी विधवाले विगत पाँच दिनदेखि खाना खाइनन् । 'यो सरकार कानून व्यवस्थाको जिम्मेवारी उपराज्यपालको हो भनेर भन्दै आफूलाई दोषमुक्त गर्न चाहन्छ,' उनले भनिन् । 'यो 'नयाँ कश्मीर' हो र यसको वास्तविक अनुहार । निर्वाचित सरकार मानव अधिकार उल्लंघनका पीडितहरूको वास्ता गर्न दिल्लीमा दिवाभोज आयोजना गर्नमा धेरै व्यस्त छ,' उनले एक्समा लेखिन् ।

# धरहरा चढ्ने समय बढ्यो, तीन महिना नपुग्दै एक करोड ५२ लाख राजस्व संकलन

गर्मी बढेसँगै धरहरा अवलोकनको समय पनि एक घण्टा बढाइएको छ । पुनर्निर्माणपश्चात् गत मंसिर ९ गतेदेखि सञ्चालनमा आएको धरहरा अवलोकनका लागि यही माघ १५ गतेदेखि एक घण्टा समय बढाइएको हो ।

यही माघ १४ गतेसम्म ३:१५ बजेसम्म मात्र धरहरा चढ्न टिकट काट्ने गरिएको थियो । अहिले समय थप गरी ४:१५ बजेसम्म टिकट काट्ने पाइने र साँझ ५ बजेसम्म चढ्न पाइने आयोजनाका कायममुकायम निर्देशक प्रकाश अर्यालले जानकारी दिए । उनका अनुसार सञ्चालनको तीन महिना नपुग्दै प्रवेश शुल्कबापत रू. एक करोड ५२ लाख राजस्व संकलन भएको छ ।

गत मंसिर ९ गतेदेखि सर्वसाधारणलाई शुल्कसहित खुला गरिएको ऐतिहासिक धरहराबाट यही माघ २४ गते बिहीबारसम्ममा टिकट बिक्रीबापत उक्त रकम संकलन भएको निर्देशक अर्यालले बताए । प्रत्येक बुधबार धरहरा बन्द रहने भन्दै अन्य दिन यहाँ आउने नागरिकको संख्या दैनिक एक हजार दुई सयको हाराहारीमा रहेको उनले जानकारी दिए ।

पछिल्लो समय छिमेकी मुलुकका पर्यटक पनि धरहरा अवलोकन गर्न आउने गरेका छन् । धरहरा चढ्न प्रतिव्यक्ति रू. दुई सय शुल्क तोकिएको छ । विद्यार्थी, ज्येष्ठ नागरिक, बालबालिका, अपांगता भएका व्यक्तिलाई ५० प्रतिशत छुटको व्यवस्था गरिएको छ ।

सार्क राष्ट्रबाट आउने पर्यटकलाई प्रतिव्यक्ति रू. पाँच सय र सार्कबाहेकका राष्ट्रबाट आउनेलाई प्रतिव्यक्ति रू. एक हजार शुल्क लाग्ने अर्यालले बताए । उनका अनुसार विशिष्ट संरचना सञ्चालन तथा व्यवस्थापन विकास समिति (गठन) आदेश,



२०८१ बमोजिम शुल्क लिई धरहरा सञ्चालनमा ल्याइएको हो । गत मंसिर ६ गतेको मन्त्रिपरिषद् बैठकले धरहरा खुला गर्ने र शुल्क स्वीकृत गर्ने निर्णय गरेको थियो ।

उक्त स्थानमा पार्किङ गर्दा चारपांग्रे सवारीका लागि प्रतिघण्टा रू. २० र दुईपांग्रे सवारीका लागि रू. १० तोकिएको छ । धरहरापरिसरमा प्रवेशका लागि रू. ५० निर्धारण गरिएको छ । धरहरा स्तम्भमा राष्ट्रिय महत्वका विज्ञापन गर्न प्रतिघण्टा रू. पाँच हजार तोकिएको छ भने व्यावसायिक भिडिओ छायांकनका लागि प्रतिघण्टा रू. पाँच हजार र फोटोग्राफीका लागि प्रतिघण्टा रू. एक हजार तोकिएको निर्देशक अर्यालले उल्लेख गरे ।



# भू-राजनीतिको भूमरीमा नेपाल



• राजन कार्की
rajan2012karki@yahoo.com

विश्वशक्तिको नेपाल प्रवेशसँगै नेपाल भूराजनीतिको भूमरीमा फस्न पुगेको छ । त्यसै पनि नेपाल चीन र भारतजस्ता ठूला दुई ढुङ्गाको तरूलजस्तो थियो । त्यसमाथि पश्चिमा, युरोपियन र रूसले समेत नेपालको अर्थपूर्ण रणनीतिक भूमिमा आफ्नो चासो  र चाख देखाएपछि नेपाल भूराजनीतिको जञ्जालमा फस्न पुगेको हो ।

नेपालको नीति थियो- असंलग्न परराष्ट्रनीति । पञ्चशीलको सिद्धान्तमा अडेको । विश्वशक्ति र छिमेकी शक्तिका वीच सन्तुलन कायम गर्न नसक्दा नेपालको परम्परागत नीति पानीजहाजको जस्तो ढलपल ढलपल अवस्थामा पुगिसकेको छ । खासगरी नेपालको राष्ट्रिय नीति छैन, राष्ट्रिय पार्टीहरूवीच मतैक्य छैन । जब राष्ट्रिय नीतिमा एकमत हुँदैन, राष्ट्र एक ढिक्का रहनसक्दैन । त्यसैको प्रतिफल साइड इफेक्टको मारमा राष्ट्र पर्न पुग्छ । यतिबेला नेपालको अवस्था क्रोनिक बन्दै गएको छ । नेपाल भूराजनीतिको भूमरीमा फस्दै गएको छ ।

नेपाललाई यो भूमरीबाट बचाउन परिपक्व राजनीति र कूटनीतिको आवश्यक पर्छ । जो थिङ्क टेंक छन्, तिनीहरू दोधारे बनेका छन् । सही र विवेकपूर्ण आवाज उठाइरहेका छैनन् । यसको कारण नेपाल थप समस्यामा जेलिन पुगेको हो ।

चीन जति शक्तिशाली बन्दै गयो, भारत जति ठूलो बजार बनेको छ, यसैको कारण विश्वशक्तिहरू नेपालको भूमिलाई रणनीतिक रूपमा हेर्न थालेका छन् । नेपालले बुद्धि नपुर्‍याउँदा नेपालनीति खजमजिएको छ । नेपालको कूटनीति अन्यौलपूर्ण बन्दै गएको छ । त्यसै पनि राजनीति अपराधिकरण भएको र प्रशासन भ्रष्ट बनेका कारणले अराजकता बढेको राष्ट्रमा विश्वशक्तिको प्रवेश र चलखेलले भूराजनीतिको चेपोमा राष्ट्र सकसमा पर्नु स्वभाविक हो । यो अवस्थाबाट सकुसल निस्कनका लागि नेपालले कूटनीतिक चतुरता देखाउनु पर्ने छ । त्यस्तो चतुरताको सम्भाबना तत्काललाई गाह्रो पर्दै गएको छ । राजनीतिक व्यक्तित्वले कूटनीतिक विज्ञहरूसँग सुझाव लिएर नचल्नु र कूटनीतिक तथा बुद्धिजीवीहरूलाई राजनीतिको पिछलग्गु बनाउने चरित्र विकास भएकाले पनि देशको अस्तित्व जोखिममा पर्दै गएको अनुभूति सबैले गरेका छन् । विश्वमा पटक पटक देखिएको छ, जसले भू-राजनीतिमा सन्तुलन कायम गर्न सक्दैन, त्यो राष्ट्र भयावह समस्यमा पर्ने गरेको छ । रूसविरूद्ध युक्रेन खडा भयो र सन्तुलन गुमायो, युक्रेनी जनताले त्यसको महगो मूल्य चुकाइरहेका छन् । युक्रेन टुक्रिने र भूभाग समेत गुमाउने अवस्थामा छ । यो हुनसम्मको पीडा युक्रेनी जनताले भोगिरहेका छन् ।

यस्तै अवस्था छ इजरायल र प्यालेस्टाइनको । इरानले समेत सन्तुलन गुमाउन थालेको छ । यथार्थमा अहंकारले कहीँको पनि छोड्नेवाला छैन । नेपालका नेताहरूमा सत्ताको अहंकार र विदेशीको लहैलहैमा लागेर आफ्नो स्थापित मान्यता र नीतिमा अडिन नसक्दा नेपाल भूराजनीतिको भूमरीमा परेको हो ।

१९९० मा जस्तो विश्वपरिस्थिति छैन अहिले । त्यो दशकपछि चीन असंलग्न रहेन । चीन आफ्नो व्यापार र प्रभाव बिस्तार गर्न बीआरआई नीति च्यापेको मात्र छैन, अमेरिका विरूद्धको मोर्चामा रूस र नर्थ कोरिया, पाकिस्तानसँग उभिएको छ । अमेरिकामा राष्ट्रपति ट्रम्पको दोस्रो कार्यकाल सुरूभएपछि व्यापार युद्ध नै सुरू भइसकेको छ । यो युद्ध समाप्तिको दिशामा गएन, सहमति हुनसकेन भने पर्यवेक्षकहरू तेस्रो विश्वयुद्धको खतरा देखिन थालेको समेत बताइरहेका छन् । भारत अमेरिकातिर छ कि रूसतिर स्पष्ट छैन । रूस र अमेरिकाजस्तै आफ्नो अलग नीति र अस्तित्व छ भनेर सन्तुलनकारी भूमिका निर्वाह गरिरहेको देखिन्छ । यद्यपि भारत रूस र अमेरिकासँग टाढिन सक्दैन । हालै फ्रान्समा भएको ए आई शिखर सम्मेलनमा फ्रान्सका राष्ट्रपतिले मोदीसँग हात मिलाएनन्, किन ? यसको चर्चाले सिङ्गो भारत डोलायमान भएको छ भने अमेरिका र चीनसम्म यसको कम्पन सुनियो । केही समय अघि भारतका प्रधानमन्त्रीले मस्को भ्रमण गरेका थिए भने मोदी फ्रान्सपछि अमेरिका भ्रमणमा गए । मोदी आउनुअघि अमेरिकाले आयात हुने स्टिलमा २५ प्रतिशत शुल्कमात्र लगायन, यसअघि अमेरिकामा इलिगल बसेका भारतीयलाई नेल कसेर भारत फिर्ता पनि गराइदिए । यसका अर्थ मोदी नीति दक्षिण एसियामा कडा हुँदैछ भने स्वतन्त्र तिब्बत नीतिमा अझ बलवतीका साथ अग्रसर हुने संकेत दिएको छ ।

अमेरिका विश्वको नम्बर वान राष्ट्रबाट नहट्ने संकेत हो यो । राष्ट्रपति ट्रम्पले विश्व स्वास्थ्य संगठन, बिमिस्टेक सबैतिरबाट हात झिक्दै छन् भने युएसआईडीलाई खारेज गरेर नयाँ नीति ल्याउँदैछन् । अमेरिकाको पैसा खाएर अमेरिकाको अहित गर्नेहरूको ओठमुख सुकाइदिएका छन् ट्रम्पले ।

नेपालको असंलग्न नीति र परिपक्व कूटनीतिकै कारण २०१७ सालको परिवर्तन सम्भव भयो, राजतन्त्र जाज्वल्यमान भयो । राजा महेन्द्रले महेन्द्र राजमार्ग र धेरै उद्योगकहरूमा रूस, चीन, भारत, अमेरिकाजस्ता शक्तिहरूलाई नेपालको हितमा उतारेकै हुन् । भ्रष्टाचार र असंलग्नताबाट तलबितल भएकै कारण दुई तिहाईको कांग्रेसको सरकार त्यतिबेला राजाबाट अपदस्त हुनपुगेका मात्र होइन, आमनागरिकले राजाकै जयजयकार गर्न पुगेका थिए ।

राजा महेन्द्र भारतभन्दा अगाडि बढ्यो भनेर भारतले राजामाथि षडयन्त्र गर्न थाल्यो, जनकपुरमा बम हान्यो । चीनका तत्कालीन रक्षामन्ती चेङ यी नेपाल आएर भारतलाई चेतावनी नै दिएको घटना पनि देखियो । नेपालमाथिको कुनै पनि हमला चीनविरूद्ध गरिएको ठानिने छ समेत उनले भने । उत्तर र दक्षिणको तत्कालीन अवस्थामा नेपालको सन्तुलनको राजनीतिको नमूना थियो त्यो ।

तर आज २०१५ मे १५ मा चीन र भारतले बेइजिङमा नेपालको लिपुलेकबाट व्यापार अघि बढाउने सम्झौता गरे । भारतले २०१९ मा नेपालको कालापानी, लिपुलेक, लिम्पियाधुरा भारतको नक्सामा मिलाए । नेपालले गरेको जनगणनामा समेत ती क्षेत्रमा नेपालले गणना गर्न सकेन । हालै भारत र चीनले लिपुलेकबाट भारतले बनाएको राजमार्गबाट चीनको कैलास मानसरोवरको यात्रा खोलिएको छ ।

अर्थात चीन बढी व्यापारी बनेर गएको छ । नेपालसँग पहिलेजस्तो सम्बन्ध राख्न चाहेन चीनले । २०५८ सालमा दरवार हत्याकाण्ड हुँदा समेत चीनले बोलेन । २०६५ सालमा राजतन्त्र हटाएर गणतन्त्र घोषणा गर्दासमेत चीन बोलेन । राजतन्त्रको अन्तिम दिनहरूमा चीनले आफ्ना राजदूतलाई तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई ओहदाको प्रमाणपत्र बुझाउन लगायो । यो सबैको कारण नेपालको अपरिपक्व कूटनीति हो । परम्परागत असंलग्न परराष्ट्रनीति छोड्नु र शक्तिराष्ट्रका सामु राजनीतिक शक्तिहरूले त्वम्शरणम गर्नु पनि हो ।

राजतन्त्र भारतकै शक्तिमा जनयुद्ध चलाउने माओवादीसमेतलाई हतियार बनाएर जनआन्दोलन गर्न लगाउनु र १२ बुँदे दिल्ली सम्झौता गराएर बिस्थापित गराएकोमा कसैलाई शंका छैन । अवैधानिक रूपमा राजतन्त्र हटाउँदासमेत चीन बोलेन, भारत खुशी भयो । पश्चिमा शक्तिहरू इसाइकरण गर्न ढोका खुल्यो भनेर दङ्ग परे ।

जसरी कम्बोडियामा राजतन्त्र हटाइयो, नेपालमा पनि त्यसैगरी बलात् हटाइएको हो । त्यसपछि चीनले नरोदम सिंहानुकलाई साथ दियो र पुनर्स्थापित गराइदियो । १८ वर्षदेखि नेपालमा अपरिपक्व र अराजनीतिक अवस्था छ तर भारत, चीन, अमेरिका र अन्य विश्वशक्तिहरू दण्डहीन नेपालको परिदृश्य हेरिरहेका छन् ।

भित्रभित्रै नेपाल असफल राष्ट्र भएको र सुरक्षा अवस्था बिग्रेकोमा सबैका चिन्ता छ तर नेपालमा राजतन्त्र पुनर्स्थापना गरेर फेल भएको लोकतन्त्रलाई जिवन्त पार्न कसैको मौनता तोडिएको छैन । यसको कारण पनि नेपालका विवेकशीलहरूको उदासिनताले हो ।

भारतलाई राजतन्त्र बिनास गरेर विश्वमञ्चमा नेपालको फैलदो पखेटा काट्नु थियो, नेपाललाई भारतको बजार बनाउनु थियो, नेपालमा उद्योगधन्दा समाप्त पारेर भारतमुखी बनाइदिनु थियो । राजा वीरेन्द्रको वंश नाश र राजा ज्ञानेन्द्रको राजतन्त्र समाप्ति पार्न यहाँका राजनीतिक शक्ति अग्रसर भए, विदेशीले सहायता दिए । त्यसपछि गणतन्त्र आएको हो । गणतन्त्र आयो, अर्काको बलमा आयो । गणतन्त्र हाँक्नेहरूले नयाँ नेपाल बनाउने आशा देखाए, भएको नेपाललाई फूपुको धनजसरी लुटे । लोकतन्त्रलाई लुटतन्त्रमा परिणत गरे । पश्चिमा र दक्षिणा भिरङ्गी र फिरङ्गीले गणतन्त्रलाई सघाए, उत्तरले मौनता साध्यो । यसपछि नेपाल बाह्य शक्तिको बाहुबली अखडा बन्नपुगेको हो ।

राजनीतिले विवेक हरायो । व्यापार बढायो । कूटनीतिले विवेक गुमायो, उदासिन भयो । यसैको प्रतिफल मुलुकमा दल दलको दलदल छ, उत्तर-दक्षिण-पश्चिमको कित्ताकाट हुनपुगेको छ । यी कित्ताहरूमा नेपाली कित्ता छैन । यसबाट नेपाल भूराजनीतिक अवस्था डरलाग्दो धरापमा परिसकेको अनुमान गर्न सकिन्छ । यसको ज्वलन्त नमूना ठूला पार्टी, प्रभावशाली नेता कसको स्वार्थका बोलिरहेका छन्, बुझ्न सकिन्छ । कुनै नेता नेपाल र नेपालीको स्वार्थमा बोल्दैनन् । देशको भूमि गुम्दा समेत विदेशीको खर्चमा संसदमै खाजा खानेहरू बोल्दैनन् । यी जनप्रतिनिधि हुन् कि विदेशी प्रतिनिधि ? यसबाट बुझ्न सकिन्छ, नेपालको सकस बढ्दै गएको छ ।

एमसीसी मागियो, बिरोध गरियो र स्वागत भयो । अहिले दाताले नै एमसीसी रोकेको छ । यो खारेज हुन्छ कि निकास खोलिन्छ, अन्यौल छ । बीआरआई २०१७ मै स्वीकार गरियो, २०२४ मा सम्झौता पनि भयो, तर कार्यान्वयन भइसकेको छैन । नेपालमा युक्रेनका पक्षधर छन्, ताइवानका समर्थक र बिरोधी पनि छन् । दलाई लामालाई भेट्ने र उनको जन्मदिनको भोज खाने पनि नेपाली नेता पनि छन् । यो सबैको दुस्परिणामले नेपाललाई कुन किनारमा लछार्ला, पछार्ला, चिन्ता बढ्दै गएको छ । नेपालमा राजनीति र कूटनीतिक अराजकताले असमान्य स्थिति र प्रवृत्ति बढेको छ । यस्तो पद्धति, राजनीति र नेतृत्वाबट नेपाल सुरक्षित हुनसक्दैन । नेतृत्व देशका लागि भन्दा परदेशका लागि प्रयोग हुने खतरा बढी छ ।

नयाँ पुस्ता सचेत छ, यो सचेत र विवेकी पुस्ता अग्रसर हुनैपर्छ । तवमात्र भूराजनीतिक भूमरीमा पर्दै गएको मुलुक सुरक्षित हुन सक्ला ।



पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं।

- अभियानवाणी

अभियान
साप्ताहिक

## सम्पादकीय

# सामाजिक सञ्जाल विधेयक नियन्त्रण होइन नियमन गरौं

*अहिले संघीय संसदको हिउँदे अधिवेशन सञ्चालन भईरहेको छ। सरकारले हालै ल्याएका ६ वटा अध्यादेश सहित संसदमा २० वटा विधेयक रहेका छन्। तर हिउँदे अधिवेशन सञ्चालन भएको पहिलो दिनमै सरकार पक्ष र प्रमुख विपक्षी दलसहितका विचमा जुहारी चलेको हुनाले यो हिउँदे अधिवेशनले समेत प्रभावकारी भूमिका निभाउन सक्नेमा आशंका उब्जिएको छ। हिंउदे अविधेशनको महत्वपूर्ण कार्यभार भनेको विधेयक पारित गर्नु नै हो। यस भन्दा अगाडिको संसदले महत्वपूर्ण विधेयकहरू समेत पातिर गर्न नसकेकै कारण सरकार अध्यादेश ल्याउन बाध्य भएको थियो।*

*अध्योदश जारी गर्न सक्ने अधिकार सरकारलाई भएपनि संसद बैठकको सुरुकै दिनमा अध्यादेश संसदमा पेश गर्नुपर्ने र ६० दिनभित्रमा प्रतिस्थापना विधेयक पारित गरिसक्नुपर्ने बाध्यता सरकारलाई रहेको छ। सरकारले ल्याएको ६ विधेयक मध्येका २ विधेयक सामाजिक सञ्जाल नियमन गर्ने र भूमिसम्बन्धी विधेयकका बारेमा चौतर्फी आलोचना हुँदै आएकाले गर्दा अब ती विधेयकका बारेमा सार्वजनिक रुपमै बहस र छलफल चलाउनु पर्ने आवश्यता देखिएको छ।*

*सामाजिक सञ्जाल नियमन गर्ने विधेयकमा केही अप्ठ्यारा विषयहरू समेत समावेश गरिएको हुनाले त्यसको विरोध हुँदै आएको छ। संविधानमै पूर्ण प्रेस स्वतन्त्रता हुने उल्लेख भएकाले गर्दा प्रेस स्वतन्त्रतामाथि हस्तक्षेप हुने गरी सामाजिक सञ्जाल नियन्त्रण गर्ने विधेयक संसदमा प्रस्तुत गरिएको हुनाले त्यो विधेयकका बारेमा नेपाल पत्रकार महासंघ लगायत सरोकारवालाहरूले विरोध गरिरहेकाले सरकारले त्यो विधेयकलाई आफ्नो प्रतिष्ठाको विषय नबनाई सम्बन्धित सबैसँग बहस र छलफल गरी सामाजिक सञ्जाल नियमन गर्ने विधेयकलाई नियमनकै पक्षमा सरकार उभिन सक्नुपर्दछ।*

*सामाजिक सञ्जाल विधेयकमा सामाजिक सञ्जालहरूलाई नियमनको नाममा नियन्त्रण गर्न खोजिएको जस्तो देखिएको छ। लेखेकै भरमा लाइक र शेयर गरेकै भरमा जेल जानुपर्ने र ठुलो मात्रामा जरिवना तिर्नुपर्ने प्रावधान विधेयकमा राखिएको हुनाले अब त्यसलाई छलफल र बहसको माध्यमद्वारा नियन्त्रण होइन नियमन गर्न सक्ने प्रावधान राखि जेल र जरिवाना तिर्नुपर्ने विधेयकबाट हटाउनुपर्दछ। नियमन गर्ने नाममा नियन्त्रण गर्न खोज्नु कुनै सर्तमा पनि उचित हुन सक्दैन पत्रपत्रिका अनलाइन, टेलिभिजन र अन्य सामाजिक सञ्जालनलाई नियमन गर्दै आएको प्रेस काउन्सिलको अधिकार खोसेर कुनै सरकारी निकायबाट नियमन गर्ने र जरिवाना सहित जेल पठाउन सकने अधिकार सम्बन्धित सरकारी विभागलाई दिनु भन्दा प्रेस काउन्सिल नेपाललाई अधिकार सम्पन्न बनाई प्रेस स्वतन्त्रताको पक्षमा सरकार उभिनुपर्दछ।*

*संसदको प्रमुख दायित्व र कर्तव्य भनेको कानुन निर्माण गर्नु नै हो। तर संसदले महत्वपूर्ण विधेयकहरू पारित गर्न नसक्नु र कानुन निर्माणमा समेत संसद जिम्मेवार नभएकाले गर्दा नै सरकारलाई अध्यादेश ल्याउने बाटो खुलेको हो। पुष्पकमल दाहाल प्रधानमन्त्री रहेका बेला अध्यादेश ल्याएर नेकपा एमालेलाई विभाजन गराईदिएका थिए। अहिले तिनै दाहालले अध्यादेशको विरोध गर्न सत्ता गुम्दाको पिडा संसदमा पोख्नु बाहेक अन्य केही हुन सक्दैन।*

*सत्तापक्ष र विपक्षी दलबीचको जतिसुकै असहमति भएपनि सांकेतिक बाहेक संसद अवरुद्ध गरिनु हुँदैन। संसद अवरुद्ध नगर्ने संकल्प प्रस्ताव यहि अधिवेशनबाटै पारित गरियोस्। जतिसुकै विवाद भएपनि त्यस्तो विवादको समाधान संसदबाटै खोजिन आवश्यक रहेको छ। संसदीय लोकतान्त्रिक पद्दति भनेको सरकारलाई संसदमार्फत जनताप्रत्ति उत्तरदायी र जवाफदेही बनाउने प्रणाली भएकाले संसदजति प्रभावकारी हुन्छ सरकार त्यति नै जनताप्रति उत्तरदायी र जवाफदेही हुन्छ। त्यसैले सत्तापक्ष र विपक्षीको संयुक्त प्रयासबाट संसदलाई गरिमामय, मर्यादित र प्रभावकारी ढँगले अघि बढाउनुपर्दछ।*

*विगतमा अधिवेशन कार्यतालिका बनेपनि हालसम्म प्रभावकारी रुपमा कार्यान्वियन हुन नसकेकाले अब त्यसको अन्त्य हुनुपर्दछ। सांसदहरूले समेत संसदमा प्रभावकारी रुपमा काम गर्न सकेको नदेखिएको हुनाले सांसदहरूलाई समेत तालिम दिएर उनीहरूको भूमिकाका बारेमा सुक्ष्म जानकारी गराउनुपर्ने आवश्यकता देखिएको छ। सत्ता पक्ष र विपक्ष दलको एउटै धारणा जनताको हित र राष्ट्रको प्रगति हो भने दुवै पक्षले आ आफ्नो ढिपी छोडेर जनताको हितका लागि एक भएर अघि बढ्नुपर्ने आवश्यकता हामीले ठानेका छौं।*

# प्रदेश सरकारका ७ वर्ष र सफलताका सर्त

**खिमलाल देवकोटा**

यही साता प्रदेश सरकार सञ्चालनको ७ वर्ष पूरा हुँदै छ । २०७२ असोज ३ मा जारी भएको संविधानको विधिवत् कार्यान्वयन २०७४ को तीनै तहको निर्वाचनपश्चात् भएको हो । २०७४ मंसिरमा प्रतिनिधिसभाको निर्वाचन भएको थियो । प्रतिनिधिसभाको चुनावसँगै प्रदेशसभाको चुनाव पनि भएको थियो । तीन तहको संरचनापश्चात् पहिलो पटक संघीय सरकार २०७४ फागुन ३ मा बन्यो । वर्तमान प्रधानमन्त्री केपी शर्मा ओली नेकपा माओवादी केन्द्रको समर्थनमा प्रधानमन्त्री भएका थिए । एमाले र माओवादी केन्द्रले वाम गठबन्धनका रूपमा निर्वाचनमा सहकार्य गरेका थिए । दुवै पार्टीको एकतापछि २०७५ जेठ ३ मा नेपाल कम्युनिस्ट पार्टी (नेकपा) भयो । पार्टी एकतापछि ओली सरकार बहुमत पार्टीको सरकारका रूपमा परिणत भयो ।

प्रतिनिधिसभा निर्वाचनले संघीय सरकार बनेजस्तै प्रदेशसभाको निर्वाचनले प्रदेश सरकार बने । मधेश प्रदेशबाहेक प्रदेशमा नेकपा नेतृत्वको सरकार बन्यो । प्रदेश सरकारको नेतृत्व गर्दै कोशी प्रदेशमा शेरधन राई (२०७४ फागुन २), मधेशमा लालबाबु राउत (२०७४ फागुन ३), बागमतीमा डोरमणि पौडेल (२०७४ माघ २८), गण्डकीमा पृथ्वीसुब्बा गुरूङ (२०७४ फागुन ४), लुम्बिनीमा शंकर पोखरेल (२०७४ फागुन ३ ), कर्णालीमा महेन्द्रबहादुर शाही (२०७४ फागुन ४) र सुदूरपश्चिममा त्रिलोचन भट्ट (२०७४ फागुन ३) मुख्यमन्त्रीमा निर्वाचित भएका थिए । मधेशमा जनता समाजवादी पार्टी (तत्कालीन समाजवादी फोरम) र लोकतान्त्रिक समाजवादी पार्टी (तत्कालीन राष्ट्रिय जनता पार्टी) को संयुक्त सरकार बनेको थियो । प्रदेश संसद्बाट मुख्यमन्त्री नियुक्ति गर्ने नयाँ अभ्यासको प्रारम्भ भयो ।

संघीयताको पर्यायका रूपमा चिनिने प्रदेश तह अस्तित्वमा आएपछि सबैका लागि कौतुहलता रह्यो । पुरानो राज्य संरचनामा रजगज गर्नेहरूले प्रदेश संरचनाको विरोध गर्न थाले । विरोधको स्वर अहिले पनि यथावत् छ । मुलुकले कुन परिस्थितिमा संघीय शासन प्रणाली अवलम्बन गऱ्यो, संघीयतामा प्रवेशपश्चात् के कस्ता उपलब्धि भए, प्रदेशले अहिलेसम्म हासिल गरेका उपलब्धिहरू के हुन्, अपेक्षित रूपमा प्रदेशले किन काम गर्न सकिरहेका छैनन्, समस्याको गाँठो कहाँ छ ? यस्ता विषयमा जति बहस हुनुपर्थ्यो, त्यो हुन सकिरहेको छैन ।

प्रदेशका लागि सुरूवाती समय चुनौतीपूर्ण थियो । कर्मचारी, कानुन, कार्यालय, वित्तीय स्रोत र साधन शून्यबाट थालनी गर्नुपर्ने स्थिति थियो । कानुन तर्जुमा, बजेट निर्माण, प्रदेश सरकार तथा प्रदेश संसद्को बैठक सञ्चालन प्रदेशका लागि नयाँ अभ्यास थियो । प्रदेशलाई राम्रोसँग गाइड गर्ने कुनै संस्थागत संरचना र निकाय थिएनन् । बरू उल्टै अधिकांश संघीय संरचना र निकायले प्रदेशलाई सहयोगभन्दा असहयोग नै गरे ।

विधिवत् रूपमा प्रदेश अस्तित्वमा आएपछि स्थायी राजधानी र प्रदेशको नामकरण गर्ने काम पनि सम्पन्न भयो । यो काम संविधानसभाले पनि नसकेर प्रदेशसभालाई सुम्पेको थियो । पहिलो संविधानसभाको विघटन नै प्रदेशको संख्या र नामकरणमा सहमति नहुँदा भएको थियो ।

सुरूवाती चरणबाट प्रदेशले केही राम्रा कामको थालनी पनि गरे । कोशीले गरिबका छोराछोरीलाई एमबीबीएस पढ्न बिनाधितो सुलभ ऋणको व्यवस्था गरेको थियो । मधेशले मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ अभियान र छोरी शिक्षा मुद्दती योजना सञ्चालनमा ल्याएको थियो । छोरी बिमाको रकम वृद्धि गरी तीन लाख पुऱ्याएको थियो ।

बागमतीले एक विद्यालय एक नर्स कार्यक्रम सञ्चालन गरेको थियो । गण्डकीले मनाङ, मुस्ताङ, म्याग्दी र गोरखामा ६ वटा नमुना विद्यालय निर्माण गर्ने कार्य अगाडि बढाएको थियो । लुम्बिनीले सामुदायिक विद्यालयमा अध्ययनरत मुक्त कमैया, कमलरी, मुस्लिम तथा दलित समुदायका छात्रालाई मासिक एक हजारका दरले छात्रवृत्ति व्यवस्था गरेको थियो । कर्णालीले छोरी-बुहारी प्राविधिक उच्च शिक्षा, दलित, अपांग, जेहेनदार उच्च शिक्षा कार्यक्रम सञ्चालन गरेको थियो । यसैगरी सुदूरपश्चिमले सानै छु म बढ्न देऊ, बाल विवाह होइन पढ्न देऊ भन्ने लगायतका कार्यक्रम चलायो । प्रदेशले सुरू गरेका कतिपय यस्ता कार्यक्रमले अहिले पनि निरन्तरता पाएका छन् ।

कोशी प्रदेश मुख्यमन्त्री कार्यालयले दिएको जानकारीअनुसार प्रदेश सरकार गठनयता ४०३.२० किमि सडकको ट्र्याक खुला, १३९०.५८ किमि सडक ग्राभेल, ६०८.२७ किमि कालोपत्र, ९३ वटा पक्की पुल निर्माण भएका छन् । यस अवधिमा सुदूरपश्चिमले ५५० किमि सडक कालोपत्र, १२३० किमि ग्राभेल, १६१० किमि नयाँ ट्र्याक र ३२ वटा नयाँ पुल बनाएको छ । प्रदेशले के गरे भन्नेहरूका लागि यो विवरण नै काफी छैन र ?

संविधानले स्थानीय तहका कर्मचारीको व्यवस्थापन प्रदेश कानुनबमोजिम हुने उल्लेख गरेको छ । २०७६ माघमा कोशीको लोक सेवा आयोग गठन भएपछि अहिलेसम्म स्थानीय सरकारी सेवाका लागि ४०४३ पद संख्यामा विज्ञापन गरी २११४ जना पदपूर्तिका लागि सिफारिस गरिएको छ । कर्मचारीहरू अहिले पालिकामा कार्यरत छन् । प्रदेश लोक सेवा आयोग जति सक्रिय हुन्छन्, त्यति नै स्थानीय तहका कर्मचारीको समस्या समाधान हुन्छ । तर, संघीय निजामती सेवा कानुनको अभावमा प्रदेश लोक सेवा आयोगले पनि अपेक्षित काम गर्न सकेका छैनन् ।

संघीय सरकारले अहिलेसम्म प्रदेशलाई प्रहरीको अधिकार हस्तान्तरण गरेको छैन । तर, कोशीले ९७ वटा प्रहरी कार्यालय बनाइदिएको छ । धनकुटाको भेडेटारमा सार्वजनिक निजी साझेदारी मोडलमा २० करोडको लागतमा स्काई वाक निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याएको छ । यो परियोजनाको अवलोकन गर्न दिनमा न्यूनतम ३०० देखि अधिकतम ११०० जनासम्म पयर्टक आउने र यसले भेडेटारको व्यापारमा १५ प्रतिशतले अभिवृद्धि गराएको कोशी प्रदेश लगानी प्राधिकरणका कार्यकारी निर्देशक सरोज कोइरालाको भनाइ छ ।

प्रतिनिधिसभा बैठकमा जनमोर्चाका नेता चित्रबहादुर केसीले प्रदेशले के काम गरे, कति सडक बनाए, काम नगर्ने प्रदेश किन चाहियो भन्ने आशयको भाषण गरेका थिए । उनको प्रश्नको जवाफ त माथि नै आइसकेको छ । तर, केसी र उनी लगायतले बुझ्न के जरूरी छ भने साविक एकात्मक व्यवस्थाको विकेन्द्रीकरण र निक्षेपणको अभ्यास सफल भएको भए सायद परिवर्तनका लागि नेपालमा १० वर्षे माओवादी युद्ध, मधेश, आदिवासी जनजातिलगायतका आन्दोलन हुने थिएनन् ।

जिम्मेवारी, स्रोत र साधनको बाँडफाँट र विनियोजनमा दोहोरोपना भयो । नागरिकले छिटो र छरितो सेवा पाएनन् । राज्यको स्रोत र साधनको व्यापक दुरूपयोग भयो । उपल्लो दर्जाका कर्मचारीले काठमाडौं छाड्न चाहेनन् । कर्मचारीहरू मुस्किलले सदरमुकाम पुगे पनि गाउँमा झर्न मानेनन् । विकास काठमाडौं र ठूला सहरकेन्द्रित भए । राज्यको स्रोत र साधनको वितरण समानुपातिक, समावेशी र न्यायोचित हुन सकेन । १० वर्षे माओवादी सशस्त्र आन्दोलनताका माओवादीले जातीय रूपमा नेपाललाई विभाजन गरी राज्यको पुनःसंरचना गर्नुपर्छ भन्ने मत राखेको थियो । त्यसैबीच २०६५ मा भएको मधेश आन्दोलनका कारण संघीयताको माग अगाडि आयो । अन्तरिम संविधानको चौथो संशोधनले संघीयतालाई स्वीकार गऱ्यो । संशोधनले राज्यको समावेशी, लोकतान्त्रिक संघीय शासन प्रणालीसहितको अग्रगामी पुनःसंरचना गरिनेछ भन्ने प्रतिबद्धता व्यक्त गरेको थियो ।

अन्तरिम संविधानको संशोधनले नेपाललाई औपचारिक रूपमा संघीयतामा प्रवेश गराए पनि यसको अपनत्व लिने काम भने २०७२ को संविधानले गरेको हो । यो संविधान मूलतः संघीयता, गणतन्त्र, धर्मनिरपेक्षता, समानुपातिक समावेशिता र कानुनी शासन गरी पाँचवटा खाँबो/खुट्टाको जगमा उभिएको छ । यसमध्ये कुनै खुट्टा झिक्ने वा भाँच्ने कार्यले संविधानको मौलिकता समाप्त हुन्छ । संघीयता मूल खाँबो हो । मूल खाँबो नै भाँच्चियो भने संविधान चल्न सक्दैन, रहँदैन । संघीयता भनेको प्रदेश संरचनाको गठन मात्र होइन, संघीय इकाइबीच अधिकारको बाँडफाँट हो । राज्यको संरचनामा आमूल परिवर्तन हो । संघीयताका कारण उपलब्धि भएका छन् । सार्वभौमसत्ता र राजकीयसत्ताको प्रयोग निर्वाचित जनप्रतिनिधिले गरेका छन् । लैंगिक समानता र समावेशी तथा सहभागितामूलक प्रतिनिधित्वको सुनिश्चितता छ । गाउँ/नगरसभादेखि संघीय संसद्सम्मका हरेक निकायमा कम्तीमा एकतिहाइ महिला प्रतिनिधित्व छ । सिंहदरबारको संगठन संरचनामा परिवर्तन आएको छ । करिब एक लाख निजामती कर्मचारीमा आधाभन्दा वढी प्रदेश र स्थानीय तहमा समायोजन भएका छन् । मुस्किलले सदरमुकामसम्म जाने कर्मचारी गाउँ-गाउँ पुगेका छन् । २० वर्षसम्म हुन नसकेको स्थानीयको चुनाव संघीयताकै कारण सम्भव भएको हो । नेपाल सरकार र स्थानीय सकारले मात्र समस्याको समाधान दिन्थे भने माओवादी, मधेशलगायतका आन्दोलन हुँदैनथे होला ।

साविकमा पाँचवटा विकास क्षेत्रमा क्षेत्रीय कार्यालय थिए । सचिवको दरबन्दी थियो । तर सचिव बस्दै नबस्ने/जाँदै नजाने अवस्था थियो । सहसचिवहरू पनि जान मान्दैनथे । अहिले सयभन्दा बढी सचिव/सहसचिवहरू प्रदेशमा छन् । उच्च पदस्थ कर्मचारी तल जानु भनेको जनताको घरदैलोसम्म सेवा पुग्नु हो । यदि संघीयता नआएको भए यो सम्भव थिएन । संघीयतामा केन्द्रको संरचना घट्नु हो, तल बढ्नु हो । यो भनेको प्रतिएकाइ सेवामा बढोत्तरी हुनु हो । तर अपेक्षित रूपमा केन्द्रको संगठन संरचना जसरी कम हुनुपर्थ्यो, हुन सकेको छैन । संघीय तहमा १० वटाभन्दा बढी मन्त्रालय चाहिँदैन । कर्मचारीको संख्या पनि अधिक छ । संविधानले प्रदेशलाई विकासको वाहक मानेको छ । तर, विकासे मन्त्रालय संघमा नै राखेर प्रदेश र स्थानीय तहको कार्यक्षेत्र मिच्ने काम भएको छ । साना-साना योजनामा बजेट छिरोल्ने काम भएको छ ।

संघीयताले दिएका उपलब्धिको चर्चा गर्दा, मुस्किलले ३० लाखको बजेट पनि बनाउन नसक्ने स्थानीय तहले अहिले एक अर्बभन्दा बढीको बजेट बनाउने हैसियतमा छन् । यसैगरी शून्य आन्तरिक कर राजस्वबाट काम प्रारम्भ गरेका प्रदेश ५० अर्ब बराबरको कर राजस्व परिचालन गर्न सक्ने अवस्थामा छन् । सातवटै प्रदेशले एक-एक अर्बबाट बजेट सुरू गरेका थिए । हाल सबै प्रदेशको कुल बजेट २ सय ७९ अर्ब छ । आन्तरिक स्रोत र बजेटको साइज बढ्नु भनेको विकास निर्माण र सेवा प्रवाहमा पनि गुणात्मक फड्को मार्नु हो । केन्द्रीकृत राज्यको स्रोत संघीयताका कारण संवैधानिक रूपमै विकेन्द्रीकृत छ । हिजो द्वन्द्वको समयमा मानिस आफ्नो थातथलो छाडेर सहर पसे । राज्यका अधिकांश अंग गाउँसम्म जान हिम्मत गर्न सक्ने अवस्थामा थिएनन् । मधेश आन्दोलनका समयमा पनि कैयौं पहाडी मूलका नागरिक विस्थापित भएका थिए । ग्रामीण क्षेत्र सुनसान थियो । गाउँका जमिन बाँझा भए । तर संघीयतासँगै मुलुकमा शान्ति छाएको छ । मानिस आफ्नो थातथलो फर्केका छन् । शिक्षा, स्वास्थ्य, कृषिलगायत पूर्वाधार विकासमा परिवर्तन आएको छ । स्थानीय बासिन्दा आत्मनिर्भर भएका छन् ।

अहिले सानोतिनो काम र समस्याका पोको बोकेर मानिसलाई सदरमुकाम र राजधानी धाउनुपर्ने स्थिति हटेको छ । गाउँका समस्या पालिका र प्रदेश सरकारतिर तेर्सिएको छ । दुई/चार लाखका योजना माग्न योजना आयोग र अर्थ मन्त्रालयमा भीडभाड हुन्थ्यो । अहिले यसको अन्त्य भएको छ । संविधानले वित्तीय संघीयताको सुनिश्चितता गरेको छ । मुलुकको शासन सत्तामा परिवर्तन नभएको भए स्थानीय तहमा जनप्रतिनिधिविहीनको स्थिति अहिले पनि हुने थियो । संघीयतालाई निरपेक्ष रूपमा हेर्न हुँदैन । यदि मुलुकमा संघीयता र गणतन्त्र नआएको भए स्थानीय तह हिजोकै अवस्थामा हुने थिए । संविधानको मूल खाँबो संघीयता भएकाले यससँगै जोडिएर प्रदेश संरचना बनेको हो । स्थानीय तह अधिकारसम्पन्न भएका हुन् । प्रदेशबिनाको संघीयता दुनियाँको कुनै पनि मुलुकमा छैन । बरू, अधिकांश संघीय मुलुकका स्थानीय तह प्रदेश मातहत छन् । प्रदेश कानुनअनुसार चल्छन् ।

संविधान र शासन व्यवस्था राम्रो भएर मात्र हुँदैन । नेतृत्वकर्ताहरू खराब भए भने समस्या पैदा हुन्छ । संघीयताको विकल्प केन्द्रीयता वा राजतन्त्र हुन सक्दैन । यसको विकल्प सुधारसहितको संघीयता नै हो । सबै खालका शासन व्यवस्थाको अनुभवसहित नेपाल संघीयतमा प्रवेश गरेको हो । असल अभिभावकत्व नभएका कारण संघीयताले अपेक्षित परिणाम दिन नसकेको सत्य हो । कर्मचारी व्यवस्थापन, कानुन र संस्थागत संरचनाको निर्माण, क्षमता अभिवृद्धि, वित्तीय स्रोत साधनको वैज्ञानिक बाँडफाँट र प्रयोगलगायतका क्षेत्रमा समन्वयात्मक किसिमले अगाडि बढ्नुपर्छ ।

आर्थिक सर्वेक्षणअनुसार संघ, प्रदेश र स्थानीय तहको कुल खर्चमा प्रदेश तहको खर्च ९.८० प्रतिशत मात्र छ । सय रूपैयाँमा प्रदेशको खर्च १० रूपैयाँ पनि छैन । तर, कर्मचारी व्यवस्थापन, प्रहरी समायोजन, निजामती कानुनको तर्जुमा, संस्थागत संरचना निर्माण र हस्तान्तरण, भूमिको उपयोगजस्ता प्रदेश तह सञ्चालनका कठिनाइबारे चर्चा हुँदैन । यी समस्या पहिलो कार्यकालका मुख्यमन्त्रीदेखिकै हुन् । अन्तरप्रदेश परिषद्, राष्ट्रिय समन्वय परिषद्, राष्ट्रिय समस्या समाधान समितिलगायतका अन्तरतह समन्वयकारी निकायका बैठकमा पटकपटक चर्चा हुँदा पनि समस्याको समाधान हुन सकेको छैन ।

सुरूवाती चरणमा प्रदेशले लिएको दिशा सही थियो । पछि नेकपा विभाजन, निर्वाचनपछि शासनसत्ताको समीकरणमा अदलबदललगायतका कारण प्रदेशप्रति नागरिकको भरोसा गिर्दो अवस्थामा छ । यस्तो अवस्थाको सिर्जना गराउने प्रमुख राजनीतिक दलहरू नै हुन् । त्यसैले सबभन्दा पहिला राजनीतिक दल सुध्रिन जरूरी छ । संविधानको आशय र भावनाअनुसार प्रदेशले सहज रूपमा काम गर्न पाउनुपर्छ । प्रदेश असफल भयो भने सिंगो शासन व्यवस्था नै असफल हुन्छ । प्रदेशका गुनासा सम्बोधन गर्ने र सहज रूपमा काम गर्ने वातावरण निर्माण गराउनु नै अहिलेको अहम् सवाल हो । तर, प्रदेशले पनि नागरिकका अपेक्षाअनुसार आफूलाई रूपान्तरण गर्न त्यत्तिकै जरूरी छ । प्रदेश संरचनाको सफलताका लागि प्रहरी समायोजन, अन्तरप्रदेशलगायत अन्तरतह समन्वयकारी संस्थाको क्रियाशीलता, संघीय इकाइबीच कार्यक्षेत्रमा देखिएको दोहोरोपनाको अन्त्य हुनुपर्छ । नीति निर्माण र कानुन तर्जुमाबीच तादत्म्य, अधिकार र कार्यबोझका आधारमा संस्थागत संरचना निर्माण जरूरी छ । वित्तीय संघीयताको सही कार्यान्वयन, निजामती कानुनलगायत अत्यावश्यक कानुन तर्जुमालगायत मुख्यमन्त्रीहरूले राष्ट्रिय समन्वय परिषद्मा पेस गरेका लिखित सुझावको कार्यान्वयन जरूरी छ । *(कान्तिपुर)*

# जनयुद्ध र समाजवाद

इन्द्रप्रसाद गोतामे

माओवादी जनयुद्ध नेपालको वर्गीय, जातीय, लिंगीय र क्षेत्रीय उत्पीडनविरूद्धको मौलिक आन्दोलन हो । जनयुद्ध नेपालको राजनीतिक आन्दोलनको मुद्दा मात्र नभई संयुक्त राष्ट्र संघ (अनमिन) को मध्यस्थताका कारण अन्तर्राष्ट्रिय राजनीतिक मुद्दा पनि बन्न पुग्यो । नेपाली समाज उच्च र नीचमा विभाजित थियो । वर्गीय, जातीय, महिला र दलितमाथि उत्पीडन थियो । राष्ट्रियता, जनतन्त्र र जनजीविकाको हालत अत्यन्तै नाजुक थियो । सामाजिक विभेद, जाँडरक्सी सेवन, जुवातास, महिला बेचबिखन, हरवाचरवा, बिर्ता, गुठीलगायत अनेकौँ समस्या थिए । घाटा–व्यापार, भ्रष्टाचार, तस्करी, कालाबजारीको बिगबिगी थियो, त्यसको अन्त्य गर्न जनयुद्धले समग्र युद्धको भूमिका निर्वाह गर्‍यो । जनयुद्ध आमनेपालीको रगत–पसिनाको योगदानका कारण माओवादीको मात्र नभई नेपालको परिवर्तनको आन्दोलन बन्न पुग्यो । यसले नेपाली समाजमा ठुलो चेतना जगाएको छ ।

नेपालका सबै राजनीतिक दललाई 'नयाँ' बन्न प्रेरित गरेको छ । जनयुद्धले उठाएका कैयौँ मुद्दा, समृद्धि, सुशासन र सामाजिक न्यायको आन्दोलन बाँकी नै छ । आज जनताले यो अभिभारा शान्तिपूर्ण ढंगले पूरा गर्न सक्ने वातावरण जनयुद्धले निर्माण गरेको छ । तत्कालीन जनयुद्ध एउटा उत्पीडनविरूद्धको सामुदायिक प्रतिबद्धता थियो । सामन्तवादलाई फाल्न र विस्तारवादी/साम्राज्यवादी हस्तक्षेप कम गर्न मात्र होइन, जातजाति र भाषाभाषीको आन्तरिक र बाह्य राष्ट्रियता मजबुत बनाउन, सामाजिक विकृति, विसंगति अन्त्य गर्न मात्र होइन, सामाजिक न्याय र समृद्धिको पक्षमा जनयुद्धले सामूहिक प्रतिबद्धताको आधार तयार गर्न सकेको थियो । तर, शान्ति प्रक्रिया, संविधानसभा, संघीयतामार्फत तल्लो वर्गका थुप्रै अधिकार सुनिश्चित भए पनि जुन शासकीय स्वरूपलाई प्रयोग गरियो, त्यो सामूहिक स्वरूप बन्न सकेन, त्यो मात्र संसदीय भद्दा खेलमा परिणत भई जनयुद्धको सामूहिकता नराम्रोसँग भत्किन पुग्यो । चुनावी प्रक्रिया प्रजातान्त्रिक हुँदाहुँदै पनि खर्चिलो, भड्किलो र भोट किनबेचको अवस्थाबाट दलाल पुँजीपतिको हातमा सत्ता पुग्ने अवस्था सिर्जना भयो । जसले माओवादीभित्र पनि निजीकरण, वर्गउत्थान र दलाल पुँजीवादको बीजारोपण गर्‍यो । त्यसैले, जनताको आन्दोलनलाई फेरि पुनर्संरचना गर्नुपर्ने अवस्था देखियो । वर्गीय समाजलाई मानव समाजमा कसरी बदल्ने ? बुर्जुवा चुनावलाई जनताको चुनाव कसरी बनाउने ?

शासकीय स्वरूपलाई कसरी सामुदायिक स्वरूपमा बदल्ने ? जनताको सहभागिता कसरी सुनिश्चित गर्ने ? व्यवस्थासँगै जनताको अवस्था कसरी बदल्ने ? यी साना तर अति महत्वपूर्ण विषयलाई कसरी जनताको बनाउने ? आज यो बहसलाई जनताको पक्षमा सोझ्याउन नसक्ने हो भने राजनीतिक अस्थिरता कायमै रहन्छ, विदेशीको चलखेल बढ्छ, सस्तो लोकप्रियता र नकारात्मक चेत हाबी हुँदा जनता निरास र रूष्ट हुन पुग्छन् । हेर्दाहेर्दै देश असफलताको खाडलमा पर्छ । यो जोखिमबाट देशलाई बचाउन जनतालाई आशावादी बनाउँदै सशक्त राजनीतिमा ल्याउने, सुशासन, समृद्धि र सामाजिक न्यायको पक्षमा निरन्तर सामूहिक हस्तक्षेप बढाउन वैज्ञानिक समाजवादको आन्दोलनलाई फेरि नयाँ ढंगले उठाउनुपर्छ । आत्मालोचनासहित नयाँ ढंगको पार्टी निर्माण गर्दै त्याग, तपस्या, बलिदानले मात्र सुशासन, भ्रष्टाचाररहित समृद्ध र सामाजिक न्यायसहितको समाजवादी नेपाल बनाउन सकिन्छ । माओवादी जनयुद्ध परम्परागत जनयुद्ध होइन ।

यो स्वतन्त्रता, समानता र भ्रातृत्वलाई नयाँ ढंगले स्थापित गर्ने पूर्ण प्रजातन्त्र, समृद्धि र सामूहिक तथा व्यक्तिगत खुसीको खोजी गर्ने आन्दोलन हो । वर्गीय समाजमा वर्ग रहेसम्म जनयुद्ध विभिन्न रूपमा अभिव्यक्त भइरहन्छ । कहिले चुनाव, कहिले सरकार, कहिले सुशासन र भ्रष्टाचारविरूद्ध, कहिले सामाजिक न्याय, संघीय लोकतान्त्रिक गणतन्त्र, समावेशी, समानुपातिक, धर्मनिरपेक्षता रक्षाका लागि निरन्तर लड्न र समाजवादी आन्दोलनको जनयुद्ध भिन्न रूपमा जारी नै छ । सबैखाले उत्पीडनविरूद्ध तल्लो वर्ग र आमजनताको हस्तक्षेप नै साँचो अर्थमा जनयुद्ध हो ।

इतिहासमा भीमदत्त पन्तको विद्रोह, तराईका किसान आन्दोलन, धादिङको खनियाँबासका तामाङ विद्रोह, मोहनविक्रम सिंह, मदन भण्डारी, पुष्पलाल आदिले गरेका आन्दोलन, कांग्रेसले गरेको सशस्त्र युद्ध र एमालेले गरेको झापा विद्रोह, ०३६ को आन्दोलन, सत्याग्रह, रामराजा सिंहको बम काण्ड, ०४६ को संयुक्त जनआन्दोलन सबै जनयुद्धकै भिन्न रूप थिए । जनयुद्ध भनेको जनताको हस्तक्षेप, आन्दोलन र खबरदारी हो । जनयुद्ध जनताको पक्षमा, जनताका लागि जनताले गर्ने सबै प्रकारको उत्पीडनविरूद्धको विद्रोह हो । त्यसैले आज शासकहरू जनयुद्धदेखि मात्र होइन, 'जनयुद्ध' शब्दसँग समेत डराइरहेका छन् ।

१ फागुन ०५२ देखि सुरू भएको जनयुद्ध एउटा खेल थिएन । जनयुद्ध एउटा कविता पनि होइन, न जनयुद्ध चित्रकारिता नै हो । जनयुद्ध त बादशाहलाई घोडाबाट खसाल्ने जनताको सचेत हस्तक्षेप थियो । जनयुद्ध इतिहासको रहर थिएन, बाध्यता थियो । स्मरण रहोस्, तत्कालीन अवस्थामा राष्ट्रियता, जनतन्त्र, जनजीविकालगायत सवालमा भएको शान्तिपूर्ण आन्दोलनका क्रममा सयौँको गिरफ्तारी र दर्जनौँको हत्या भएको थियो । 'किलो सेरा टु', 'रोमियो'लगायत अप्रेसन चलाएर जनताको शान्तिपूर्ण आन्दोलनमाथि हस्तक्षेप भयो, त्यसले जनयुद्ध जन्मायो तर माओवादीले शान्तिपूर्ण आन्दोलनको विकल्पलाई खुल्ला नै राख्यो । पटक–पटक एकल युद्धविराम र शान्तिका लागि वार्ताको सचेत पहल गर्‍यो । माओवादीले कहिल्यै युद्ध अपराध गरेन, जनयुद्धका क्रममा केही गम्भीर कमजोरी हुँदा कमजोरी गर्नेलाई तत्काल कारबाही गर्ने र जनतासँग आत्मआलोचित हुँदै, माफी माग्दै, सच्चिँदै अगाडि बढ्यो । तर, तत्कालीन शासकले जनतालाई आतंककारीका नाममा पाँच हजारभन्दा बढी बेपत्ता बनायो, ती मानिस आज कहाँ छन् ? घरघरमा लुटपाट, आगजनी, चेलीबेटीलाई बलात्कार गरेर १७ हजारको निर्मम हत्या गरियो । तत्कालीन राज्य पक्षबाट टाउकाको मूल्य तोकेर झोलामा टाउको ल्याऊ, बदलामा पैसा दिन्छु भनेर गरेको शृंखलाबद्ध हत्या कसैले भुलेको छैन ।

इतिहास उल्ट्याउने कोसिस कसैले नगरौँ यदि शासकहरू नबदलिने हो भने जनता फेरि जनविद्रोह गर्न बाध्य हुनेछन् । त्यसैले, परिवर्तनलाई सम्मान र संस्थागत गरौँ, सबै मिलेर देश बनाऔँ । देशको प्राकृतिक स्रोत–साधन मूलतः पानी र युरेनियमको रक्षा र त्यसको सही सदुपयोग गरौँ । स्थिर र बलियो सरकार बनाउन राष्ट्रिय सहमति कायम गरी संविधान संशोधन गरौँ, नत्र सबैलाई हेक्का रहोस्– मानव समाजमा जबसम्म वर्गको अन्त्य हुँदैन र स्वतन्त्रता, समानता तथा भ्रातृत्व रहँदैन तबसम्म जनयुद्ध यो वा त्यो रूपले जारी नै रहन्छ ।

आजको विश्व परिस्थितिमा समाजवाद : विज्ञान र मानव समाजको विकासक्रमलाई हेर्दा बाफबाट चल्ने इन्जिनको विकास युरोपमा भएपछि उत्पादन, शक्ति र स्रोतको केन्द्र एसियाबाट युरोपतिर सर्‍यो । अठारौँ शताब्दीदेखि उन्नाइसौँ शताब्दीको मध्यसम्मको अवधिलाई पहिलो औद्योगिक क्रान्तिको युग भनिन्छ । विद्युत्को आविष्कारपछि उन्नाइसौँ शताब्दीको मध्यदेखि बीसौँ शताब्दीको मध्यसम्मको अवधिलाई दोस्रो औद्योगिक क्रान्तिको युग भनिन्छ । पहिलो र दोस्रो विश्वयुद्धले युरोपलाई निकै कमजोर मात्र बनाएन, उत्पादन, शक्ति र स्रोतको केन्द्र युरोपबाट अमेरिकातिर सर्‍यो । बीसौँ शताब्दीको मध्यदेखि अन्त्यसम्मको विज्ञान, प्रविधि र डिजिटल युगलाई तेस्रो औद्योगिक क्रान्तिको युग भनिन्छ ।

यस अवधिमा विश्व शीतयुद्धको संकटबाट गुज्रियो । अमेरिकाले गरेको शक्ति सञ्चय र सन् १९९१ मा सोभियत संघको विघटनसँगै समाजवादी ध्रुव ढलेको र पुँजीवादी ध्रुव अजेय एवं निर्विकल्प रहेको घोषणा मात्र गरिएन, समाजवाद अर्थात् मार्क्सवादकै अन्त्य भएको प्रचारसमेत गरियो । एकाइसौँ शताब्दीको सुरूदेखि हालसम्म साइबरनेटिक, डिजिटल, नानो टेक्नोलोजी, जेनोम र कृत्रिम बौद्धिकता (एआई) को 'एकीकृत सूचना प्रविधिको युगलाई' चौथो औद्योगिक क्रान्तिको युग भनिन्छ । यसले मान्छेको दिमागमा उथलपुथल ल्याइदिएको छ । चेतनाले प्रविधिमा र प्रविधिले मान्छेको श्रममा सरलता ल्याएको छ । उत्पादक शक्तिमा फेरबदल ल्याइदिएको छ । वर्ग संरचना, स्वरूप र चेतनामा फेरबदल हुँदा विश्वको पुनर्संरचनाको प्रश्न आज नयाँ ढंगबाट उठिरहेको छ ।

युक्रेन–रूस युद्धले रूस र चीनको सहकार्य मात्र बढाएन, भारतको तटस्थताले ठुलो प्रश्न खडा गरिदियो । मध्यपूर्वमा चलिरहेको युद्ध, नेटो र ब्रिक्सको द्वन्द्व, व्यापार युद्धको नाममा भएको नाकाबन्दी र विभिन्न सर्त, युद्ध सामग्री उत्पादन र त्यसको परीक्षणका नाममा भएको प्रतिस्पर्धा र नक्षत्र कब्जा गर्ने होडबाजी, बिआरआई र एमसिसीका नाममा हिन्द–प्रशान्त क्षेत्रमाथि हस्तक्षेप गर्ने होडबाजी, कोराना महामारी नियन्त्रणमा समाजवादी देशमा भएको सफलता र पुँजीवादी देश असफल हुँदा भएको ठुलो मानवीय क्षतिले आज नयाँ ढंगबाट विश्व पुँजीवादको विकल्पको बहस चलिरहेको छ ।

आर्थिक रूपमा पश्चिमको पतन तथा पूर्व र दक्षिणको उदय हुँदै छ । भूगोल र जनसंख्या दुवै हिसाबले महाशक्तिका रूपमा रहेको एसिया उत्पादन, शक्ति र स्रोत तथा शीतयुद्धको पनि केन्द्र बन्दै गएको छ । विश्वभरि फेरि नयाँ ढंगबाट क्रान्तिकारी आन्दोलन पुनर्संगठित हुँदै जानु, अन्तर–साम्राज्यवादी अन्तरविरोधले एकध्रुवीय विश्व व्यवस्था विघटन र बहुध्रुव बन्दै जानु, वर्गीय खाडल तीव्र भएको पुँजीवादमा समुदाय, निजी क्षेत्र र राज्यको लडाइँ पनि तीव्र हुनु, निजी क्षेत्र र राज्य बलिया भए पनि समुदाय कमजोर हुँदा स्वतन्त्रता, समानता र भ्रातृत्वको अन्त्य हुनु भनेको पुँजीवाद पूर्ण असफल हुनु हो । आज पुँजीवादको विकल्प 'नयाँ वैज्ञानिक समाजवाद' बन्दै गएको छ । समुदायलाई बलियो बनाउने 'म र हामी' अर्थात् 'निजी सम्पत्ति र सामूहिक सम्पत्ति' समायोजन गर्दै समाजवादको नयाँ र उन्नत विकल्पको प्रतिस्पर्धा गर्ने व्यावहारिक बाटो नै आजको वैज्ञानिक समाजवादमा जाने बाटो हो । समाजवाद नै मानव सभ्यताको मूल विषय हो ।

सबै दुःख, उत्पीडनको अन्त्य, विज्ञान र पर्यावरणमैत्री समाजले स्वतन्त्रता, समानता र भ्रातृत्वभाव जन्माउँछ, जसले विश्वको एकतालाई मजबुत बनाउँदै मानवीय खुसी पैदा गर्छ । समाजवादको भूमण्डलीकरणले मानवजातिको अन्तरिक्ष र त्योभन्दा परको न्यायोचित प्रवेशमा तीव्रता आउनेछ । मान्छेले वैज्ञानिक समाजवाद हुँदै साम्यवादमा विश्वलाई एकताबद्ध गर्न सक्यो भने मानवजाति थप विकसित र रूपान्तरित मात्र हुँदैन, यो सौर्यमण्डलको अन्त्य हुँदा पनि अर्को सौर्यमण्डलमा उसको बस्ती बसिसकेको हुनेछ । मार्क्सले भनेझैँ साम्यवाद भनेको स्वतन्त्रता, समानता र भ्रातृत्वसहितको मानव समाज हो ।

त्यहाँ देश र विश्व रहन्छ, शोषण, शासन र सिमाना रहँदैन, त्यहाँ व्यक्ति र सामुदायिक अनुशासन रहन्छ कानुन रहँदैन, त्यहाँ मानव समाज रहन्छ वर्ग रहँदैन, त्यहाँ पर्यावरण रहन्छ, जीवजन्तु रहन्छन्, त्यहाँ उत्पादन, गाँस, वास, कपास, शिक्षा, स्वास्थ्य, सुरक्षा, अनुशासन, मनोरञ्जन, सेवा र खुसी नियमित जीवनशैली बनेको हुन्छ । यस्तो खालको मानव समाज निर्माण गर्न, सबै खाले अन्याय पूर्ण युद्ध अन्त्य गर्न गरिएको जनताको हस्तक्षेप नै जनयुद्ध हो ।

नेपालका सन्दर्भमा जनयुद्धको लक्ष्य संघीय लोकतान्त्रिक गणतन्त्र मात्र होइन, यो त विश्वकै सन्दर्भमा वैज्ञानिक समाजवादभन्दा पनि परसम्मको प्रश्न हो । त्यसैले जनयुद्ध नेपालमा मात्र होइन, अमेरिका, अस्ट्रेलिया, क्यानडा, जापान, चीनलगायत विश्वभरि नै फरक रूपमा जारी छ । जबसम्म विश्वमा वर्गीय समाजको अन्त्य भएर मानव समाजको निर्माण हुँदैन, तबसम्म जनयुद्ध जारी रहन्छ । *(नयाँ पत्रिका)*



# राष्ट्र बैंकलाई क्रिप्टो प्रतिबन्ध लगाउने अधिकार




काठमाडौं । राष्ट्र बैंकलाई जाली नोट, खोटो सिक्का, नक्कली चेक वा भुक्तानी कार्डजस्तै जाली डिजिटल करेन्सी (क्रिप्टोकरेन्सी)को प्रचलनमा प्रतिबन्ध लगाउन सक्ने अधिकार प्रत्योजन गर्ने गरी नेपाल राष्ट्र बैंक ऐन, ०५८ लाई संशोधनको अन्तिम चरणमा पुऱ्याएको छ । गत २४ साउनमा राष्ट्र बैंकको सञ्चालक समितिले संशोधनको मस्यौदा तयार गरी अर्थ मन्त्रालयमा पठाएको थियो । सोही मस्यौदालाई अर्थले अन्तिम रूप दिइरहेको हो । प्रस्तावित मस्यौदामा मुद्राका परिभाषामा 'डिजिटल मुद्रा' पनि थपिएको छ । यो मुद्रालाई केन्द्रीय बैंकले नै नगदका रूपमा जारी गरी चलनचल्तीमा ल्याउन सक्ने वा प्रतिबन्ध पनि लगाउन सक्ने उल्लेख छ ।

मस्यौदामा भनिएको छ, 'केन्द्रीय बैंकले जाली नोट, जाली डिजिटल करेन्सी वा खोटो सिक्का वा नक्कली चेक वा भुक्तानी कार्डको निष्कासन रोक्ने सम्बन्धमा आवश्यक कदम चाल्न सक्नेछ । यस्तो कदम चाल्दा बैंकले आवश्यक आदेश, निर्देशन वा सूचना जारी गर्न सक्नेछ ।'

मस्यौदामा केन्द्रीय बैंकलाई डिजिटल बैंकको लाइसेन्स जारी गर्न कानुनी बाटो खुलाउने प्रस्ताव पनि गरिएको छ । वित्तीय संस्थाको परिभाषाअन्तर्गत केन्द्रीय बैंकबाट इजाजत लिने डिजिटल बैंकलाई पनि मस्यौदामा समेटिएको हो ।

मस्यौदामा केन्द्रीय बैंकको मूल उद्देश्य मूल्य स्थिरता नै हुनुपर्ने प्रस्ताव छ । यो उद्देश्यको प्रतिकूल नहुने गरी मात्रै बैंकिङ तथा वित्तीय क्षेत्र र बाह्य क्षेत्र स्थायित्व कायम गर्नुपर्ने उल्लेख छ । त्यस्तै, मूल्य स्थिरतामा असर नपार्ने गरी सरकारको आर्थिक नीति कार्यान्वयनमा सहयोग गर्ने भनिएको छ ।

हाल केन्द्रीय बैंकको उद्देश्यमा आर्थिक स्थायित्व र अर्थतन्त्रको दिगो विकासका निमित्त मूल्य र शोधनान्तर स्थिरता कायम गर्न लागि आवश्यक मौद्रिक तथा विदेशी विनिमय नीति-निर्माण गरी सोको व्यवस्थापन गर्ने उल्लेख छ । यो उद्देश्यमा प्रतिकुल नहुने गरी सरकारको आर्थिक नीतिमा सहयोगी भूमिका निर्वाह गर्न सकिने उल्लेख छ । त्यस्तै, वित्तीय सेवाको पहुँच अभिवृद्धि र बैंकिङ तथा वित्तीय क्षेत्रको स्थायित्व कायम गरी बैंकिङ तथा वित्तीय प्रणालीप्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्ने व्यवस्था छ । सुरक्षित, स्वस्थ तथा सक्षम भुक्तानी प्रणालीको विकास गर्ने पनि उल्लेख छ । सूचना प्रविधिको माध्यमबाट वित्तीय सेवा पुऱ्याउने फिनटेक क्षेत्रका व्यक्ति पनि राष्ट्र बैंकको सञ्चालक समितिमा सदस्य बस्न पाउने प्रस्ताव मस्यौदामा छ । त्यस्तै, बैंक तथा वित्तीय संस्थाको अधिकतम सेयर स्वामित्व १ प्रतिशतभन्दा बढी नभएको व्यक्ति पनि सदस्य हुने व्यवस्था राखिएको छ ।

बहालवाला गभर्नर वा डेपुटी गभर्नरको पद रिक्त हुनु कम्तीमा एक महिनाअगावै पदपूर्ति भइसक्नुपर्ने व्यवस्था प्रस्ताव गरिएको छ । हाल रिक्त हुनुभन्दा एक महिनाअघि आवेदन खुलाउनुपर्ने व्यवस्था छ । त्यस्तै गभर्नर, डेपुटी वा सञ्चालक हुन कम्तीमा १० वर्षको अनुभव चाहिने व्यवस्था प्रस्ताव गरिएको छ ।

गर्भनरमाथि कुनै आरोप लागेको अवस्थामा छानबिन गर्नुपर्ने भए उच्च अदालतको पूर्वन्यायाधीशको अध्यक्षतामा जाँचबुझ समिति बनाउनुपर्ने प्रस्ताव छ । त्यस्तै, समितिमा पूर्वगभर्नरलाई समेत सदस्यका रूपमा राख्नुपर्ने प्रस्ताव छ । जाँचबुझ समितिले ४५ दिनभित्र सिफारिस पेस गर्नुपर्ने उल्लेख छ । हाल यस्तो समयसीमा ३० दिनको छ ।

आर्थिक वर्ष सुरु भएको सात दिनभित्र मौद्रिक नीति ल्याइसक्नुपर्ने व्यवस्था प्रस्ताव गरिएको छ । त्यस्तै, राष्ट्र बैंकको चुक्ता पुँजी पाँच अर्बको हुने व्यवस्था गरिएको छ । हालसम्म यस्तो पुँजी एक अर्ब हुने व्यवस्था छ ।

केन्द्रीय बैंकले बैंक तथा वित्तीय संस्थालाई एक वर्षका लागि पुनर्कर्जा दिन सक्ने व्यवस्था राखिएको छ । त्यस्तै, प्रस्तावित मस्यौदामा बैंक तथा वित्तीय संस्थाले असल कर्जाको सुरक्षणमा पनि पुनर्कर्जा पाउने उल्लेख छ ।

संकटकालमा सरकारले केन्द्रीय बैंकबाट अघिल्लो तीन आर्थिक वर्षको औसत राजस्वको ३० प्रतिशतसम्मको कर्जा लिन पाउनेछ । यो एक वर्षको हुनेछ ।

# उदयपुर सिमेन्टको बैंक खाता रोक्का



सरकारी स्वामित्वको उदयपुर सिमेन्ट उद्योगका सम्पूर्ण बैंक खाता रोक्का भएका छन् । रौता सप्लायर्सलगायतले सामानको भुक्तानी नदिएको भन्दै काठमाडौं जिल्ला अदालतमा दर्ता गरेको रिटका कारण उद्योगका बैंक खाता रोक्का भएका हुन् । जिल्ला अदालतमा परेको रिटमा सुनुवाइ गर्दै ८ माघमा सबै खाता रोक्का गर्न अदालतले आदेश दिएको हो ।

रौता सप्लायर्सका सञ्चालक सुवास राउतलगायतका सञ्चालकले दिएको मुद्दाउपर जिल्ला अदालतले बैंक खाता रोक्का गर्ने निर्णय गरेसँगै सम्पूर्ण खाता रोक्का भएको उद्योगका लेखा अधिकृत सञ्जीव रेग्मीले जानकारी दिए । उनले भने, 'सरकारी तथा निजी बैंकहरूमा भएका १८ वटा खाता रोक्का भएपछि आर्थिक कारोबार ठप्प भएको छ ।' राष्ट्रिय वाणिज्य बैंक, कृषि विकास बैंक, नेपाल बैंकलगायतका बैंक उद्योगका खाता रहेका थिए । उद्योगका निमित्त महाप्रबन्धक महेश साहले रौता सप्लायर्सको मात्र उद्योगले गर्नुपर्ने भुक्तानी ९५ लाख रहेको बताए । सोही रकम उद्योगले नदिएको भन्दै रौता सप्लायर्सले भुक्तानी माग गर्दै काठमाडौं जिल्ला अदालतमा मुद्दा दर्ता गरेको थियो । तर, उद्योगसँग पैसा नभएकाले भुक्तानी नदिएको उनको भनाइ छ । उनले भने, 'काठमाडौं जिल्ला अदालतको निर्णयविरुद्ध हामी उच्च अदालत पाटन जाने तयारीमा छौं, खाता फुकुवा भएन भने उद्योग भनै समस्यामा पर्छ ।'

अहिले चालू, पुँजीगत र बचत खाता सबै रोकिएका छन् । संघीय सरकारले दिएको १६ करोडबाट उद्योगमा मर्मत-सम्भारको काम भइरहेको थियो । मर्मत-सम्भार शीर्षकमा सरकारले दिएको १६ करोडबाटै भुक्तानी माग्दै सप्लायर्सका सञ्चालकले मुद्दा हालेपछि समस्या परेको उनको भनाइ छ ।

चालू आर्थिक वर्ष ०८१/८२ को हालसम्म उदयपुर सिमेन्ट उद्योग १८ दिन मात्र चलेको छ । निमित्त महाप्रबन्धक साह भन्छन्, 'मुख्य समस्या कोइला किन्ने पैसाकै अभावले गर्दा उद्योग पूर्ण रूपमा बन्द हुँदै आएको छ ।'

उद्योग बन्द भएपछि घाटा बढिरहेको छ । उद्योगले तिर्नुपर्ने दायित्व बढेर गएको छ । असोजदेखि माघसम्म पाँच महिना कर्मचारी तलबविहीन भएको निमित्त महाप्रबन्धक साह बताउँछन् । उनले भने, 'उद्योगमा दुई सय २० जना कर्मचारी र ५९ जना सुरक्षाकर्मीले हालसम्म तलब पाउन सकेका छैनन् ।' जुन तलब-भत्ताबापत उद्योगले भुक्तानी गर्नुपर्ने रकम मासिक एक करोड ५० लाख हुन्छ ।

उद्योगले भुक्तानी गर्नुपर्ने दायित्व एक अर्ब ५० करोड रहेको उनले बताए । उनले भने, 'मुख्य दायित्वमा उद्योगबाट अवकाश पाएका ९५ जनाको ४५ करोड, आपूर्ति तथा सप्लायर्सकर्ताको भुक्तानी ६५ करोड, विद्युत् प्राधिकरणको ३० करोड, कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषको १५ करोड, खानी रोयल्टी, अन्तःशुल्क र ठूला करदातालाई तिर्नुपर्ने भ्याट १५ करोड रहेको छ । यसबाहेक डेडिकेटेड फिडर र ट्रंक लाइनकै पुरानो विद्युत् बक्यौता ५५ करोडभन्दा माथि पुगिसकेको साहको भनाइ छ ।

खेलकुद

# अपराजित रहँदै अत्तरियाले जित्यो अर्जुन ट्रफी




सिवाइसी अत्तरियाले अर्जुन ट्रफी राष्ट्रिय टी-२० च्याम्पियनसिपको उपाधि जितेको छ । धनगढीको फाप्ला रंगशालामा सोमबार भएको फाइनलमा अत्तरियाले फ्रेन्ड्स युथ क्लब डडेलधुरालाई ३४ रनले हराउँदै उपाधि हात पारेको हो । पहिलो ब्याटिङ गरेको अत्तरियाले २० ओभरमा ११९ रनको योगफल खडा गरेको थियो । प्रत्युत्तरमा डडेलधुराले १८ ओभरमा सबै विकेट गुमाएर ८४ रन मात्र बनाएको थियो । मध्यम लक्ष्य रक्षा गर्ने क्रममा अत्तरियाका साहब आलमले घातक बलिङ गरेका थिए ।

आलमले आठ रन खर्चेर तीन विकेट हात पारे । प्रतियोगितामा राष्ट्रिय टोलीका ओपनर कुशल भुर्तेल उत्कृष्ट ब्याट्सम्यान र बलर घोषित भए । यसैगरी, म्यान अफ दी सिरिज विवेक यादव र उदीयमान खेलाडी हिकमत महरा भएका छन् । म्यान अफ दी सिरिज भएका विवेकले प्रतियोगितामा १५२ रन बनाउनुका साथै १० विकेट हात पारेका थिए ।

यसअघि स्तरीय ब्याटिङ गरेको अत्तरियाले फाइनलमा डडेलधुराविरुद्ध कमजोर प्रदर्शन गऱ्यो । इनिङ्सका दोस्रो बलमै ओपनरलाई गुमाएको अत्तरियाका लागि रासिद खानले सर्वाधिक ३१ रनको योगदान दिए । उनले २१ बलमा एक चौका र तीन छक्का प्रहार गरे । कप्तान सन्तोष कार्कीले २३ बलमा तीन चौकाको सहयोगमा २० रन जोडे । शंकर रानाले २१ बलमा दुई चौका र एक छक्का प्रहार गरी २० रन बनाए । सन्तोष र शंकरबिच दोस्रो विकेटका लागि ४० रनको साझेदारी भएको थियो ।

मध्यक्रममा दीपेश कँडेल र भीम सार्कीले सोचेजस्तो योगदान दिन सकेनन् । भीमले ११ बलमा १० रन तथा दीपेशले नौ बलमा सात रन बनाए । त्यसपछि विवेक र रासिदबिच गतिलो साझेदारी भएको थियो । यसबाहेक अन्य ब्याट्सम्यानले दोहोरो रनमा अंक बनाउन सकेनन् । बलिङमा अभिषेक गौतमले कसिलो बलिङ गर्दै १५ रनमा चार विकेट लिए । गौतमले महत्वपूर्ण विकेट लिएका कारण नै अत्तिरियाले डडेलधुरालाई मध्यम योगफल दिएको हो । कुशल भुर्तेलले ३४ रनमा एक तथा अजय चौहानले १३ रनमा एक विकेट हात पारे ।

अत्तरियाका लागि दुई बलरले उत्कृष्ट बलिङ गरेका थिए । ओपनर बलरद्वय दिपेश कँडेल र साहब आलमले समान तीन विकेट हात पारे । दिपेशले १४ रन तथा साहबले आठ रन दिए । सहावले एक मेडन राखे । यसैगरी कलम गुप्ताले २२ रनमा दुई विकेट हात पारे । विवेकले १२ रनमा दुई विकेट लिए । डडेलधुराको ब्याटिङमा ओपनर भुर्तेलले २२ बलमा दुई चौकाको सहयोगमा २० रन बनाए । गजेन्द्र बोहराले २८ बलमा २४ रन जोडे । कप्तान सन्दीप जोराले पाँच तथा अशोक धामीले ११ रन बनाए ।

# टाइम्सलाई थ्री बाई थ्री बास्केटबलको उपाधि




टाइम्स 'ए' ले अन्तर्राष्ट्रिय थ्री बाई थ्री एनबिसी नेपाल बास्केटबल च्याम्पियनसिपको उपाधि उचालेको छ । बुधबार त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप) कभर्ड हलमा टाइन्स 'ए' ले राइभल पाकिस्तानलाई २१-१७ ले हराउँदै लगातार दोस्रोपटक उपाधि जित्यो । नेपाल बास्केटबल संघ र थ्री बाई थ्री नेपालको आयोजनामा सम्पन्न दोस्रो संस्करणमा टाइम्स 'ए' का सदिस प्रधान सर्वोत्कृष्ट खेलाडी घोषित भए । पहिलो सेमिफाइनलमा राइभल इन्डियालाई टाइन्स 'ए' ले २१-१३ ले हराएको थियो । दोस्रो सेमिफाइनलमा राइभल पाकिस्तानले आर्मी 'बी' लाई २१-१८ ले पराजित गर्दै उपाधिनजिक पुगेको हो ।

यसअघि क्वार्टरफाइनलमा टाइम्सले गोल्डेन गेट इन्टरनेसनल कलेज 'ए', राइभल इन्डियाले आर्मी 'ए', होउन्डसले आर्मी 'बी' तथा राइभल पाकिस्तानले एसवाइएमलाई पराजित गरेका थिए ।

प्रतियोगितामा नेपालबाट २४, बंगलादेशबाट चार, भारतबाट तीन र पाकिस्तानबाट एक टिम सहभागी थिए । विजेतालाई नेपालका लागि कतारका राजदूत मिसाल विन मोहम्मद अल अन्सारी, राष्ट्रिय स्वतन्त्र पार्टीकी सांसद सोविता गौतम, नेपाल बास्केटबल संघका अध्यक्ष भीमसिंह गुरूङ, महासचिव नरेन्द्र थापा, थ्री बाई थ्रीका कोर्डिनेर शरद विष्ट, म्यानेजमेन्ट जिम्मेवार पाएको आइडिया पिक्सेसका प्रतिनिधि पवनराज जोशी र बास्केटबलको आधिकारिक पोसाक वितरक लिनिंकका संस्थापक राजेन महर्जनले पुरस्कृत गरेका थिए ।

## कर्पोरेट

## ● ग्लोबल आइएमईले इन्फोडेभलपर्सको सफ्टवेयर प्रयोग गर्ने

ग्लोबल आइएमई बैंक लिमिटेडले इन्फोडेभलपर्स प्राइभेट लिमिटेडले विकास गरेको बजेट सूचना व्यवस्थापन प्रणाली 'बजेट ३६०' प्रयोगमा ल्याउने भएको छ । यसका लागि ग्लोबल आइएई र इन्फोडेभलपर्सबिच सम्झौता भएको छ ।

'बजेट ३६०' स्वचालित रूपमा वित्तीय व्यवस्थापन गर्ने एक आधुनिक वित्तीय व्यवस्थापन प्रणाली हो । ग्लोबल आइएमईका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मी र इन्फोडेभलपर्सका स्ट्राटेजी एन्ड इनोभेसन निर्देशक उमेश रघुवंशीले सम्झौतामा हस्ताक्षर गरेका छन् । उक्त सफ्टवेयरले बैंकको बजेट तथा योजना तर्जुमाका लागि क्षमता अभिवृद्धि गरी स्रोत परिचालनमा सहयोग पुग्ने विश्वास गरिएको छ । बैंकका प्रमुख कार्यकारी अधिकृत रेग्मीले बैंकिङ इकोसिस्टममा बजेट ३६० को प्रयोगले बैंकको बजेट र योजना क्षमतामा वृद्धि हुनुका साथै स्रोतहरूको उपयुक्त परिचालन सुनिश्चित गर्न, बैंकको वित्तीय उद्देश्य पूरा गर्न र वित्तीय व्यवस्थापनमा प्रभावकारी निर्णय लिन मद्दत पुऱ्याउने बताए ।

इन्फोडेभलपर्सका निर्देशक रघुवंशीले ग्लोबल आइएमईसँग सम्झौता गरेर बजेट ३६० कार्यान्वयन गर्न पाउँदा उत्साहित भएको बताउँदै यस सफ्टवेयरले बैंकको वित्तीय योजनाहरूको कार्यलाई सरल बनाउन र डेटा-आधारित निर्णय लिन सहयोग पुऱ्याउनेसमेत बताए ।

इन्फोडेभलपर्सले विकास गरेको यस सफ्टवेयर स्वचालित लक्ष्य निर्धारण, रियल-टाइम रिपोर्टिङ, निरन्तर ट्र्याकिङलगायतको सुविधाजडित प्रणाली हो । यो सफ्टवेयर बैंकले आफ्नो अनुकूलतामा प्रयोग गर्न सकिने गरी डिजाइन गरिएको छ । यो प्रणाली कुनै पनि कोर बैंकिङ सिस्टम (सिबिएस)सँग सहज रूपमा इन्ट्रिगेट गरेर जान सकिने गरी डिजाइन गरिएको छ ।

## ● साइपालमा एभेरष्ट बैंकको शाखा : ७५३ स्थानीय तहमा बैंकिङ पहुँच

एभरेष्ट बैंकले आफ्नो शाखा विस्तारका क्रममा सुदूरपश्चिम प्रदेशको हिमाली जिल्ला बझाङको उत्तरपूर्व साइपाल गाउँपालिका- १ स्थित धलौनमा आफ्नो नयाँ शाखा सञ्चालनमा ल्याएको छ । उक्त शाखको उद्घाटन नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले गरेका हुन् । समारोहमा साइपाल गाउँपालिकाका अध्यक्ष मानवीर बोहरा, एभरेस्ट बैंक लिमिटेड सञ्चालक समितिका अध्यक्ष डा. बालगोपाल वैद्य, प्रमुख कार्यकारी अधिकृत सुदेश खालिङ, नेपाल राष्ट्र बैंकका निर्देशक केशवबहादुर केसी, साइपाल गाउँपालिकाका सबै वडाका वडाध्यक्षहरू, एभरेष्ट बैंक सुदूरपश्चिम प्रदेशका प्रदेश प्रमुख उज्ज्वल पोखेल, संघीय सरकार तथा स्थानीय संघ-संस्थाका प्रतिनिधि, बैंकका कर्मचारीलगायत स्थानीयवासीको उत्साहजनक उपस्थिति थियो ।

२८ माघमा औपचारिक रूपमा उद्घाटित यो बैंकको १२९औँ शाखा कार्यालय हो । वित्तीय पहुँचबाट टाढा रहेको साइपाल गाउँपालिकामा बैंकको यो शाखा कार्यालय सञ्चालनमा आएसँगै अब देशका सात सय ५३ वटै स्थानीय निकायमा वाणिज्य बैंकको शाखा पुगेको छ ।

यो पालिका भौगोलिक तथा पूर्वाधार विकासको हिसाबले पनि अति दुर्गम मानिन्छ । मोटरबाटोको समेत पहुँच नभएको तथा सात-आठ घण्टाको पैदल यात्रा गरी पुग्नुपर्ने यस पालिकामा शाखा कार्यालय खोली सञ्चालनमा ल्याउने कठिन तथा चुनौतीपूर्ण कार्य सफल भएको भन्दै गाउँपालिका अध्यक्ष बोहराले नेपाल राष्ट्र बैंक तथा साइपाल गाउँपालिकाप्रति धन्यवाद व्यक्त गरे ।

देशको सम्पूर्ण पालिकामा बैंक तथा वित्तीय संस्थाको पहुँच पुऱ्याउने सरकारको महत्वपूर्ण अभियानलाई पूर्णता दिने गरी शाखा सञ्चालन गर्न सकेकोमा बैंकका सञ्चालक समिति अध्यक्ष वैद्यले खुसी व्यक्त गरे ।

गभर्नर अधिकारीले बैंकको यस शाखाको स्थापनासँगै संघीय राष्ट्रको सम्पूर्ण पालिकामा बैंक पुऱ्याउने सरकारी लक्ष्यले पूर्णता पाएको बताए । साथै, अब सानोतिनो बैंकिङ सेवाका लागि पनि सदरमुकाम धाउनुपर्ने साइपालवासीको बाध्यताको अन्त्य भएको बताए । अन्य सुविधा पनि बिस्तारै गाँसिँदै आउने र यस क्षेत्रको समग्र आर्थिक क्रियाकलापसमेत चलायमान हुने विश्वास व्यक्त गरे ।

देशकै अग्रणी बैंकका रूपमा स्थापित यस बैंकको शाखा कार्यालय स्थापनासँगै अब यस क्षेत्रको आर्थिक गतिविधि बढ्न गई समग्र आर्थिक विकासमा थप टेवा पुग्ने विश्वास बैंकले लिएको छ । हाल बैंकले देशैभर एक सय ३१ शाखा सञ्जाल, चार एक्सटेन्सन काउन्टर, सात प्रादेशिक कार्यालय तथा एक ६७ एटिएमबाट सेवा दिँदै आइरहेको छ । साथै, विश्वव्यापी नेटवर्कबाट अत्याधुनिक मोबाइल, इन्टरनेट र एसएमएस बैंकिङ सुविधा प्रदान गर्दै आइरहेको यस बैंकले नेपाल सरकारको राजस्व संकलनका लागि ३२ वटा संकलन केन्द्रबाट सेवा दिँदै आइरहेको छ । यस बैंकले भारतको नयाँदिल्लीलगायत अन्य मुलुकमा पनि आफ्नो प्रतिनिधि कार्यालय स्थापना गरी सेवा प्रदान गर्दै आइरहेको छ ।

## ● नेपाल इन्भेष्टमेन्ट मेगा बैंकको खुसिबु शाखा स्थानान्तरण

नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लिमिटेडले हाल अवस्थित रहेको खुसिबु शाखा कार्यालय हालको शाखाबाट करिब ९० मिटर पश्चिममा स्थानान्तरण गरिएको छ । बैंकले काठमाडौं महानगरपालिका- १७ खुसिबुमा रहेको शाखा कार्यालय सोही वडाभित्र करिब ९० मिटर पश्चिममा आजदेखि स्थानान्तरण गरेको हो ।

बैंकका प्रमुख कार्यकारी अधिकृत ज्योतिप्रकाश पाण्डेले शाखाको उद्घाटन गरे । यस शाखाबाट ग्राहकलाई उत्कृष्ट बैंकिङ सेवा तथा सुविधा दिने उनले बताए । खुसिबु शाखाबाट आइतबारदेखि नै सम्पूर्ण बैंकिङ सेवाहरू सुरू गरिएको छ ।

हाल बैंकको २८३ शाखा कार्यालय, ६५ वटा एक्सटेन्सन काउन्टर, ६६ वटा शाखारहित बैंकिङ र २६६ वटा एटिएम रहेको छ । शाखा सञ्जाल बैंकको वेबसाइटबाट पनि हेर्न सकिन्छ ।

## ● प्रभावकारी बन्दै नबिलको 'स्कुल अफ सोसल अन्टरप्रेनरसिप' फेलो

नबिल बैंकको 'स्कुल अफ सोसल अन्टरप्रेनरसिप' (एसएसई) कार्यक्रमले उद्यमशीलता विकासमा सहयोग पुगेको सरोकारवालाले बताएका छन् । नबिल बैंक र त्रिभुवन विश्वविद्यालयले बिहीबार काठमाडौंमा आयोजना गरेको 'सेलिब्रेटिङ फेसोसिप, जोर्नी अफ इम्पाक्ट २०८१' मा बोल्ने वक्ताहरूले यस्तो बताएका हुन् । नबिलले त्रिभुवन विश्वविद्यालयसँग सम्झौता गरी सन् ०२१ देखि यस्तो कार्यक्रम सञ्चालन गर्दै आएको छ । विशेष गरी यो कार्यक्रम दुईवटा पक्षमा केन्द्रित छ । त्यसमा व्यक्तिलाई फेलोसिपमार्फत उद्यमी बनाइन्छ । अर्को, 'सर्टिफिकेट कोर्स' सयौँलाई तालिम र रोजगारी प्रदान गरिन्छ ।

नबिलले सामाजिक उत्तरदायित्वअन्तर्गत युवाहरूलाई उद्यमी बनाउन 'फेलो' प्रदान गर्दै आएको छ । हालसम्म चारवटा ब्याचबाट ५६ जनालाई फेलो प्रदान गरिसकेको छ । त्यसबाट विभिन्न स्थानमा ४५ वटा उद्यम-व्यवसाय स्थापना भएका छन् । यसैगरी, १२ सयभन्दा बढीलाई रोजगारी प्रदान गर्दै आएको छ । यस्तै, हालसम्म पाँच सय १८ जनाले 'सर्टिफिकेट कोर्स' पूरा गरेका छन् । २२६ जनाले नयाँ भर्ना लिएका छन् ।

नबिलको यो कार्यक्रम निकै प्रभावकारी भएको कार्यक्रममा बोल्ने बक्ताहरूले बताए । त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. केशरजंग बरालले नयाँ अवसर खोजी पनि यो कार्यक्रम प्रभावकारी भएको बताए ।

यस्तै, त्रिभुवन विश्वविद्यालयका रेक्टर प्रा.डा. खड्ग केसीले यो कार्यक्रमले उद्यमशीलता विकासमा सहयोग पुगेको बताए । फेलो प्राप्त व्यक्तिहरूलाई उनले सफलताको शुभकामना पनि दिए ।

यस्तै, नबिल बैंकका प्रमुख कार्यकारी अधिकृत ज्ञानेन्द्र ढुंगानाले सामाजिक उत्तरदायित्वअन्तर्गत खर्च गरिने रकमलाई प्रभावकारी बनाउन यो कार्यक्रम अघि बढाएको बताए । 'यसअन्तर्गत गरिने खर्चलाई प्रभावकारी बनाउन यो कार्यक्रम गरेका हौँ । यो भारतमा निकै सफल छ, त्यसलाई नेपालमा पनि प्रचलनमा ल्याएका हौँ, जुन सफल हुँदै गएको छ,' उनले भने, 'आगामी दिनमा यसलाई अझै प्रभावकारी बनाउँदै लैजानेछौँ ।' यो कार्यक्रम सफल हुन नबिल बैंकको मात्रै नभएर त्रिभुवन विश्वविद्यालयको पनि ठुलो योगदान रहेको उनको भनाइ छ ।

यस्तै, बैंकका सिनियर डेपुटी सिइओ मनोज ज्ञवालीले यसले युवाहरूको बढ्दो विदेश पलायनलाई नियन्त्रण गर्ने बताए । नबिल बैंकका निर्देशक निर्वाण चौधरीले युवाहरूलाई उद्यमी बनाउने मात्र नभएर स्वरोजगार बनाउनुपर्ने पनि बताए । साथै, उद्यममार्फत देशको अर्थतन्त्रको विकासमा नबिल बैंकले योगदान गरिरहेको उनको भनाइ छ । 'यसले सम्बन्धित व्यक्तिलाई उद्यमी मात्रै बनाउँदैन । देशको अर्थतन्त्रलाई पनि महत्वपूर्ण योगदान पुऱ्याउँछ,' उनले भने, 'यसलाई थप प्रभावकारी बनाउन हामी प्रयत्नशील छौँ ।'

कार्यक्रममा फेलो तथा तालिमप्राप्त उद्यमीहरूको उत्पादन तथा सेवा प्रदर्शन गरिएको थियो । यसैगरी, मेन्टरहरूलाई सम्मान पनि गरिएको थियो ।

नबिल बैंकले यो फेलोसिप कार्यक्रमका लागि त्रिभुवन विश्वविद्यालयको व्यवस्थापन संकायसँग साझेदारी गरेको छ । यो ६ महिना लामो कार्यक्रम हो, जसमा प्रत्येक महिनाको तीन दिन आवासी तालिमको व्यवस्था छ । यो सुविधाका लागि बैंकले पहिला आवेदन माग गर्छ । आवेदनको मूल्यांकन र अन्तर्वार्ता पछि छनोट गरिन्छ ।

## ● सूर्यज्योति लाइफ इन्स्योरेन्सलाई इमर्जिङ इन्स्योरेन्स अवार्ड

सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी इन्डियन चेम्बर अफ कमर्सद्वारा बैंककमा आयोजित 'इमर्जिङ इन्स्योरेन्स अवार्ड'बाट सम्मानित भएको छ ।

७ फेब्रुवरीमा सम्पन्न पाँचौँ संस्करणको अवार्ड समारोहमा सूर्यज्योति लाइफले 'बेस्ट इनोभेसन्स लिड बाई टेक्नोलोजी एन्ड इन्सरटेक' विधामा अवार्ड हासिल गरेको हो । विश्वविख्यात चार्टर्ड एकाउन्टेन्सी तथा कन्सल्टेन्सी संस्था पिडब्लुसी, इन्डियन इन्स्टिच्युट अफ इन्स्योरेन्स, अन्तर्राष्ट्रिय बिमाविज्ञलगायत थुप्रै प्रतिष्ठित संस्थाबाट स्वतन्त्र रूपमा मूल्यांकन गरी विभिन्न वित्तीय सूचांकमा उत्कृष्ट कार्यसम्पादनको आधारमा अवार्ड प्राप्त गरेको कम्पनीले जनाएको छ ।

उक्त अवार्ड सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनीका अध्यक्ष केशवप्रसाद भट्टराईले ग्रहण गरेका थिए । सो अवसरमा कम्पनीका सञ्चालक हेमन्त नहाटा, कर्मचारीद्वय निरञ्जन रेग्मी र गीता बस्नेतको पनि उपस्थिति थियो ।

कार्यक्रममा नेपालबाट प्रतिनिधित्व गरेका सूर्यज्योति लाइफका सञ्चालक हेमन्त नहाटा प्यानल डिस्कसनमा वक्ताका रूपमा सहभागी थिए । नहाटाले सोही अवसरमा सूर्यज्योतिले अवलम्बन गरेको डिजिटल प्रविधिको रणनीति र हाल नेपालमा बिमा क्षेत्रको अवस्था र यसका चुनौतीमाथि प्रकाश पारेका थिए । अध्यक्ष भट्टराईले कम्पनीले छोटो अवधिमै हरेक सूचांकमा उत्कृष्टता हसिल गर्दै आइरहेको भन्दै यो अन्तर्राष्ट्रियस्तरको अवार्ड हासिल गर्न खटिने सम्पूर्ण कर्मचारी र अभिकर्ताहरूको प्रमुख भूमिका रहेको बताए ।

## ● डिलाइट ह्वाइटनर अब दुर्गम गाउँमा पनि सहजै उपलब्ध

नेपालको राजधानींदेखि दुर्गम गाउँहरूमा डिलाइट डेरी ह्वाइटनर सहजै उपलब्ध हुने कम्पनीले जनाएको छ । हुम्ला, जुम्ला, कर्णाली र लोमाङथानजस्ता हिमाली गाउँमा दुधको उत्पादन सीमित भए तापनि डिलाइट ह्वाइटनरले उपभोक्तालाई सहज बनाएको कम्पनीको भनाइ छ ।

उपभोक्ताको मागलाई ध्यानमा राखेर किराना पसलदेखि बिबिएसएम, सेल्वे, सेल्सबेरी, र बिगमार्टजस्ता ठुला सुपरमार्केट तथा दराज, ठुलोडटकम, र स्मार्ट डोकोजस्ता ई-कमर्स साइटमा पनि एक क्लिकमै डिलाइट उपलब्ध हुने कम्पनीले जनाएको छ ।

## ● शुक्रबारदेखि नेपाल एग्रिटेक, फुड एन्ड बेभरेज इन्टरनेसनल एक्स्पो हुँदै

शुक्रबारदेखि सातौँ नेपाल एग्रिटेक तथा नेपाल फुड एन्ड बेभरेज इन्टरनेसनल एक्स्पो आयोजना हुँदै छ । २ देखि ४ फागुनसम्म भृकुटीमण्डपमा आयोजना हुन लागेको एक्सो मिडिया स्पेस सोलुसन्स प्रालि, फ्युचरेक्स ट्रेड फेयर्स एन्ड इभेन्ट्स प्रालि तथा एक्जिबिसन एन्ड ट्रेड सर्भिसेस इन्डिया प्रालिले संयुक्त रूपमा गर्न लागेका हुन् ।

एक्स्पोमा नेपालभित्रका कृषि उद्यमी, व्यवसायीका साथै विदेशी व्यवसायी तथा कम्पनीका प्रदर्शनी स्टल रहनेछन् । प्रदर्शनीमा कृषिकर्मलाई सहज र किफायती बनाउन मद्दत पुऱ्याउने साना-साना औजार, मेसिनदेखि लिएर डेरी मेसिनरी तथा पशुपक्षीपालन उद्योगमा प्रयोग हुने उपकरणको प्रदर्शनी गरिनेछ । साथै, नेपालको कृषि क्षेत्रको यान्त्रिकीकरणमा सहयोग पुऱ्याउन यो प्रदर्शनी कोसेढुंगा साबित हुने आयोजकको विश्वास छ । प्रदर्शनीबाट नेपालको कृषि क्षेत्रलाई उपयुक्त हुने नवीनतम प्रविधि तथा सेवाको पहिचान गर्न मद्दत मिल्ने र तिनको प्रयोगद्वारा कृषि उत्पादन वृद्धि भई मुलुकलाई कृषिउपजमा आत्मनिर्भर बन्न टेवा पुग्ने बताइएको छ । एक्स्पोमा प्रवेश निःशुल्क गरिएको छ ।

प्रदर्शनीमा कृषिका विभिन्न विधाजस्तै कुखुरापालन, माछापालन, बाख्रापालन, गाई-भैँसीपालन, डेरी, कृषिका मेसिनरी औजार, उपकरण, भेटेरिनरी, खाद्य प्रविधिबारे जानकारी प्राप्त गर्न सकिनेछ । मुख्य प्रदर्शनी स्थलमा सबै विधाका अलग-अलग समूह स्टल रहनेछन् । मेलामा अवलोकन गर्न आउनेले आफ्नो चाहना, आवश्यकता र चासोअनुसारको स्टलमा गएर सम्पूर्ण जानकारी लिन सक्ने गरी व्यवस्था मिलाइएको पनि आयोजकले जनाएको छ ।

## ● तीन विधामा आइएमई लाइफलाई 'इमर्जिङ एसिया अवार्ड'

आइएमई लाइफ इन्स्योरेन्सले पाँचौँ संस्करणको 'इमर्जिङ एसिया अवार्ड'मा तीन विधाका अवार्ड जित्न सफल भएको छ । इन्स्योरेन्सले बैंककमा आयोजित आइसिसी- २०२४ एसिया इन्स्योरेन्स कार्यक्रममा 'सर्वश्रेष्ठ जीवन बिमा', 'बिमा विस्तारमा उत्कृष्ट रणनीति' र 'बिमा नेतृत्वमा महिला' गरी तीन विधाको अवार्ड जित्न सफल भएको हो ।

यो अवार्डले ग्राहककेन्द्रित सेवा र सहभागितामूलक नेतृत्वको कदर गरेको बताइएको छ । नेपालभित्र बिमा सचेतना फैलाउने, आधुनिक प्रविधिमैत्री सेवा प्रदान गर्ने तथा महिलालाई बिमा नेतृत्वमा सशक्त बनाउने उद्देश्यलाई अवार्डले थप प्रोत्साहन गरेको इन्स्योरेन्सको भनाइ छ ।

## ● 'साइन रेसुंगा राष्ट्र्रिय टेन के रन' प्रतियोगिता हुँदै

बुटवलमा केन्द्रीय कार्यालय रहेको साइन रेसुंगा डेभलपमेन्ट बैंक लिमिटेडले १७औँ वार्षिकोत्सवको अवसरमा साइन रेसुंगा राष्ट्रिय टेन के रन' प्रतियोगिता गर्ने भएको छ । रन टू साइन भन्ने नाराका साथ साइन रेसुंगा डेभलपमेन्ट बैंक लिमिटेडले ११ फागुनमा प्रतियोगिता आयोजना गर्न लागेको हो । बैंकले शनिबार बुटवलमा पत्रकार सम्मेलन आयोजना गरी बैंकको १७औँ वार्षिकोत्सवको अवसरमा एथलेटिक्समा लोकप्रिय विधाको रूपमा रहेको १० किलोमिटरको राष्ट्रियस्तरको दौड प्रतियोगिताको सुरूवात गर्न लागेको जानकारी गराएको छ । राष्ट्रियस्तरका धावक सहभागी रहने प्रतियोगिताको पुरस्कार राशी पाँच लाख रूपैयाँ राखिएको छ । प्रतियोगितामा खुला, स्थानीय ५० वर्षसम्म र स्थानीय ५० वर्षभन्दा माथिको गरी तिन विधा रहेका छन् ।

प्रतियोगिताको पुरूष तथा महिला विधाका विजेता धावकले जनही एक लाख रूपैयाँ प्राप्त गर्नेछन् । दोस्रो हुनेले जनही ४० हजार, तेस्रो हुनेले २० हजार, चौथो हुनेले १५ हजार र पाँचौँ हुनेले जनही १० हजार रूपैयाँ प्राप्त गर्नेछन् ।

यस्तै, स्थानीय धावकको सहभागिता बढाउन पाँच किलोमिटरको दौडमा ५० वर्षसम्म र ५० वर्षभन्दा माथिको गरी दुई विधा राखिएको छ । विजेता महिला पुरूष खेलाडीले जनही १५ हजार, दोस्रोले १० हजार, तेस्रोले ५ हजार, चौथोले दुई हजार पाँच सय रूपैयाँ प्राप्त गर्नेछन् ।

बैंकका प्रमुख कार्यकारी अधिकृत प्रकाश पौडेलले वित्तिय क्षेत्रमा १६ वर्षदेखि सेवा उपलब्ध गराउँदै आएको र सामाजिक रूपमा विभिन्न सामाजिक क्रियाकलापमा समेत अग्रणी रहेको बताए । यही क्रममा खेलकुदमार्फत सामाजिक उत्तरदायित्व पूरा गर्ने उद्देश्यसहित राष्ट्रियस्तरको दौड प्रतियोगिता घोषणा गरेको बताए ।

प्रतियोगितामा सहभागी हुन इच्छुक खेलाडी तथा धावकले साइन रेसुंगा डेभलपमेन्ट बैंकको आधिकारिक वेबसाइट डब्लुडब्लुडब्लुडटएसआरडिबिड टकमडटएनपीमा गई नाम दर्ता गर्न सक्ने छन् ।

दौड बैंकको केन्द्रीय कार्यालय कालिकानगरबाट सुरू भएर मणिग्राम चोक हुँदै पुनः केन्द्रीय कार्यालयमा पुगेर समापन हुनेछ । राष्ट्रिय खेलकुद परिषद् र नेपाल एथलेटिक्स संघको स्वीकृतिमा सञ्चालन हुने प्रतियोगितामा स्थानीय पालिकाहरूको समेत समन्वय र सहकार्य हुनेछ ।

## अन्तर्राष्ट्रिय...

जारी भई तीन तहका सरकारबाट शासन व्यवस्था सञ्चालन हुँदै आएपनि सुशासनमा सुधार नआएको ट्रान्सपरेन्सीको सर्वेक्षणले नै देखाएको छ । सार्क मुलुकहरू मध्येको भुटानले ७२ अंक पाएर १८० मुलुक मध्ये १८ औं स्थानमा रहन सफल भएको छ । त्यसैगरी भारतले ३८ अंक पाएर ९६ औ, माल्दिभ्सले ३८ अंक पाएर ९६ औं, नेपालले ३४ औं अंक पाएर १०७ औं, श्रीलंकाले ३२ अंक पाएर १२१ औं, पाकिस्तानले २७ अंक पाएर १३५ औं, बंगलादेशले २३ अंक पाएर १५१ औं र अफगानिस्तानले १७ अंक पाएर १६५ औं स्थानमा रहेको ट्रान्सपरेन्सीको सर्वेक्षणले देखाएको छ ।

नेपालमा हुने ठुला ठुला भ्रष्टाचारमा राजनीतिज्ञहरू नै संलग्न रहेकाले गर्दा उनीहरूमाथि कानुनी कारबाही हुन नसकेकाले गर्दा अन्तर्राष्ट्रिय जगतमा नेपालको छवी नै ओरालो लाग्दै आएको छ । खास गरेर २०४६ सालको राजनीतिक परिवर्तन र २०६२/६३ को आन्दोलन पछि भ्रष्टाचारले जरा गाड्दै गएको प्रष्ट रूपमै देखिएको छ । राजनीतिक दलका नेता तथा कार्यकर्ताहरू र दलहरूसँग निकट समबन्ध रहेका उद्योगपति व्यापारी र विचौलियाहरू नै भ्रष्टाचारको मामिलामा मुछिने गरेका हुनाले सरकारले उनीहरूलाई कानुनको दायरामा ल्याउन नसक्नु र व्यवस्थापिका संसदले समयमै कानुन निर्माण गर्न नसक्नु पनि भ्रष्टाचार बढ्नुको अर्को कारण हो । न्यायपालिकाले समेत भ्रष्टाचारका मुद्दालाई प्राथमिकतामा राखेर छिटो निर्णय दिन नसक्नु र बर्षौंसम्म भ्रष्टाचारका मुद्दा विचाराधिन हुनु भ्रष्टाचार बढ्नुको अर्को कारण हो ।

सर्बोच्च अदालतमा अहिले पनि ठुला ठुला भ्रष्टाचारका मुद्दाहरू विचाराधिन रहेका छन् । ठुला ठुला भ्रष्टाचारमा राजनीतिकज्ञहरू संलग्न रहेपनि उनीहरूलाई उन्मुक्ति दिने र कर्मचारीहरूलाई मात्र कारबाही गरिने गरिएको हुनाले पनि भ्रष्टाचार बढ्दै गएको सत्य वास्तविकता हो । जबसम्म राजनीतिक दल र राजनीतिहरू सच्चिँदैन तबसम्म सुशासन कायम हुन सक्ने सम्भावना नै हुँदैन ।

पछिल्लो समयमा भ्रष्टाचारीहरूले विदेशमै गएर कमिसनको रकम बुझ्ने र त्यसरी आएको रकम विदेशमै जम्मा गर्ने गरेको जानकारी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले गराएको छ । राजनीतिक परिवर्तनपछि राजनीतिज्ञहरूले हामीहरूले नै राजनीतिक परिवर्तन गरेका हौं, हामीले जे गरेपनि हुन्छ भन्ने मनसाय राखेर काम गर्ने गरेका हुनाले सुशासन अझ कमजोर हुँदै गएको छ । नेपाली कांग्रेस, नेकपा एमाले, माओवादी केन्द्र लगायत सबै दलका उच्च तहका नेताहरूलाई भ्रष्टाचारको आरोप आरोप लाग्दै आएको छ ।

माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रधानमन्त्री रहेका बेला ललिता निवासको सरकारी जग्गा प्रकरणमा पूर्व प्धानमन्त्रीद्वय माधव नेपाल र बाबुराम भट्टराईलाई उन्मुक्ति दिएर केही मन्त्रीहरू र ठुलो संख्यामा कर्मचारीहरूलाई मात्र मुद्दा चलाइनुले गर्दा प्रमाणित हुन्छ राजनीतिज्ञहरूलाई कानुन लाग्दैन भनेर । केपी ओली नेतृत्वको सरकारले समेत सुशासनलाई धज्जी उडाउँदै आएको छ । अब ओली सरकारले साँच्चिकै सुशासन कायम गर्ने हो भने कुनै मोलमोलाईजा नगरि भ्रष्टहरूलाई कानुनी कारबाही गर्नैपर्दछ ।

## विवादको...

नेपाल नेतृत्वको सरकारले २०६६ साल माघ १६ गते गरेको थियो ।

सो निर्णय मन्त्रिपरिषद्को बैठबबाटै गरिएको भएपनि त्यसबेलाको नियम कानुनले हदबन्दी भन्दा बढीको जग्गा त्यसरी विक्रि वितरण गर्न सक्ने अधिकार मन्त्रिपरिषद्लाई थिएन । पतञ्जलीलाई विक्रि गरिएको जग्गा २ महिना नपुग्दै रामदेवको पतञ्जलीले विभिन्न व्यक्तिहरूलाई विक्रि गरेको थियो । यसरी कानुन नै नभएको अवस्थामा समेत हदबन्दी भन्दा बढीको जग्गा विक्रि वितरण गरिएको हुनाले भूमि सम्बन्धी ऐन आवश्यकरहेको थियो ।

ओली नेतृत्वको सरकारले ल्याएको अध्यादेश सुकुम्बासी, गरिब र बर्षौंदेखि बसोबास गर्दै आएका जनतालाई उनीहरूकै नाममा एक पटकको लागि जग्गा दिने निर्णय उचित भएपनि त्यसको फाइदा भू-माफियाहरूले उठाउन सक्ने भएकाले सरकारले दिएको जग्गा ३०/३५ वर्षसम्म विक्रि वितरण गर्न नपाइने प्रावधान राखिनु उपर्युक्त हुन सक्छ । एक पटक पाएको जग्गा विक्रि गरेर फेरी सुकुम्बासी हुनेहरूको संख्या बढ्न सक्ने भएकाले त्यसतर्फ सरकार सजग हुनैपर्दछ ।

सरकारले सर्वप्रथम को सुकुम्बासी हुन् र को होइनन् भनेर पहिला छानविन गरिनु आवश्यक छ । बागमतिको किनार वरिपरि बसेका सयौं व्यक्तिहरू के सुकुम्बासी हुन्, को होइनन् ? त्यही कारणले गर्दा सुकुम्बासी र गरिबको संख्या पहिला नै पहिचान गरिनु आवश्यक रहेको छ ।

## गैरसरकारी...

गर्दै अर्को क्षेत्रमा प्रयोग गर्ने निर्णय गरेका छन् । ढिलै भएपनि सरकारले गैर सरकारी संस्थाहरूलाई निगरानी गर्ने र संस्थाले गरेको कारोबारका विषयमा समेत छानविन गर्ने निर्णयलाई स्वागतयोग्य नै मानिनुपर्दछ । पछिल्लो समयमा केही गैरसरकारी संस्थाहरूले हिन्दु धर्मका विरूद्धमा रकम खर्च गरिरहेका छन् । त्यसको छानविन हुनैपर्दछ । नेपाललाई धर्म निरपेक्ष राष्ट्र घोषणा गरेपश्चात् हिन्दु धर्मावलम्बीहरूको संख्या घट्दै गएको तथ्यांक कार्यालयले गरेर गणनाबाटै प्रष्ट भएको छ ।

अहिले देशमा एनजिओ र एआईएनजिओ जस्ता धेरै संस्थाहरू रहेका छन् । भ्रष्टाचारको गन्ध आइरहेपनि त्यस्ता संस्थाहरू चलायमान रहेका छन् भने संस्थाका प्रमुखहरू र सञ्चालकहरूले करोडौं करोड पर्ने गाडी प्रयोग गरिरहेका छन् । संस्थाका प्रमुखहरूलाई राजनीतिक संरक्षण रहने गरेको हुनाले उनीहरूको सम्पत्ति विवरण कहिँ कतै पनि उल्लेख गरिएको छैन । भ्रष्टाचारका अनेक रूप हुने भएकाले त्यस्ता संस्थाका प्रमुखहरू र सञ्चालकहरूको सम्पत्तिको स्रोत खोजेर एउटा कार्यका लागि ल्याएको रकम अर्को कार्यमा लगाउने संस्थाहरूलाई कडा कानुनी कारबाही गर्नुपर्ने आवश्यकता देखिएको छ ।

## सत्ता स्वार्थमा...

कांग्रेसका सभापति शेरबहादुर देउवाले वर्तमान सत्ता गठबन्धन २०८४ को निर्वाचन सम्म जाने निश्चित रहेको बताएपछि दाहाललाई बेचैनी बढेको छ । दाहालले प्रधानमन्त्री केपी ओलीको मात्र विरोध गरि देउवाप्रति नरम रहेका बेला देउवाले वर्तमान सत्ता गठबन्धन २०८४ सम्म दायाँ बायाँ हुन सक्दैन/हुँदैन भन्ने अभिव्यक्ति दिएपछि दाहाल प्रधानमन्त्री केपी ओलीका विरूद्ध गाली गलौजमा समेत लागि परेका छन् । सत्ता केन्द्रित राजनीतिलाई प्राथमिकतामा राखेर दाहाल अघि बढेका र सत्ताभित्रै खेल्ने उनको प्रयास रहेकाले गर्दा दाहालको त्यस्तो प्रवृत्तिले देश र जनताको भलो हुन सक्ने सम्भावना नै देखिँदैन ।

कसैले माने पनि नमाने पनि अबको केही वर्ष नेपालको राजनीति केपी ओली, शेरबहादुर देउवा र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालकै वरिपरि घुम्ने निश्चित जस्तै रहेका बेला दाहालले सत्ता गठबन्धन तोड्ने निरर्थक प्रयास गर्नभन्दा एक अर्काका बीचमा हात बढाएर मुलुक र जनताको हितमा अघि बढ्नु नै उचित हुनेछ । कांग्रेसप्रति नरम र एमालेप्रति गरम हुनुको अर्थ सत्ता स्वार्थ नै हो ।

## सत्तामा पुग्नैका...

को निर्वाचनमा आफ्नो पार्टीको हैसियत के हुने हुने भन्ने चिन्ताले उनलाई सताउँदै आएको जस्तो देखिएको छ । अहिले संसदमा तेस्रो ठुलो पार्टीको रूपमा रहेका र उनको पार्टीको ३२ सिट रहेको र उनैको भनाईमा जादुको नम्वर त्यही ३२ सिट रहेकाले गर्दा आफू फेरी सत्तामा पुग्ने प्रयत्न गरिरहेका छन् । दाहालले आफू प्रधानमन्त्री रहेकै बेला आफ्नो पार्टीको ३२ सिट रहेको र त्यही ३२ सिट नै जादुको नम्वर रहेकाले आफ्नो पार्टीको सहयोग विना कसैले सरकार निर्माण गर्न नसक्ने र आफूलाई हटाएर देखाउन चुनौती समेत दिएका थिए ।

गत असार १७ गते कांग्रेस एमालेले दाहालको चुनौतीलाई स्वीकार गर्दै ७ बुँदे सहमति गरेर अघि बढेपछि दाहालले सत्ता गुमाएका थिए । अहिले दाहाल कांग्रेस र एमालेसँग चिढिएका दाहालले कांग्रेस-एमाले मध्येका एकको सहयोग विना सत्ता हात पार्ने सम्भावना नै देखिँदैन ।

जादुको नम्वरले फेरी च्याखे दाउ आफ्नो पक्षमा पार्दियो भने कांग्रेस-एमालेको गठबन्धन टुटाउन सकिएको खण्डमा दुई दलको मात्र संख्याको भऱ्याङमा उक्लन सकिने अवस्था भने देखिँदैन त्यसैले दाहालले संसदको चौथो ठुलो दल रास्वपालाई दयालु व्यवहार देखाउन थालेका छन् । त्यही कारणले गर्दा दाहालले रवि लामिछानेलाई सरकारले फसाएको आरोप समेत लगाउँदै आएका छन् ।

# भैरहवामा अन्तर्राष्ट्रिय उडानले पुनः गति लिादै

रूपन्देही । भैरहवास्थित गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा अन्तर्राष्ट्रिय उडानले पुनः गति लिन थालेको छ । बिहीबार मात्रै तीन वायुसेवा कम्पनीले गरेको अन्तर्राष्ट्रिय उडानमार्फत चार सय ५२ यात्रुले आवतजावत गरेका छन् ।




बिहीबार कुवेतको जजिरा, फ्लाई दुबई र थाई एयर एसियाले उडान गरेको गौतम बुद्ध विमानस्थलका महाप्रबन्धक प्रताप तिवारीले जानकारी दिए । जजिरा एयरवेजले एक सय दुईजना यात्रु बोकेर भैरहवा अवतरण गरेको थियो ।

भैरहवाबाट एक सय ४९ यात्रु लिएर जजिराले उडान गऱ्यो । फ्लाई दुबईको जहाजबाट ४४ जना यात्रु भैरहवा ओर्लिए भने २९ जना उडे । त्यस्तै, थाई एयर एसियाले भैरहवाबाट एक सय २८ यात्रु लिएर उडान गरेको तिवारीले बताए । महाप्रबन्धक तिवारीले सामाजिक सञ्जाल फेसबुकमार्फत भैरहवामा बिहीबार एकै दिन तीन उडान भएको र ती उडानबाट चार सय ५२ यात्रुले आवतजावत गरेको जानकारी गराएका हुन् ।

२ जेठ ०७९ देखि सञ्चालनमा आएको गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल गत कात्तिकदेखि नियमित सञ्चालनमा आउन थालेको थियो । यद्यपि, एयरलाइन्स कम्पनीहरूले न्यून भिजिबिलिटीको कारण देखाउँदै उडानलाई स्थगन गरेका थिए । अहिले एकै दिन तीनवटा अन्तर्राष्ट्रिय उडान हुँदा विमानस्थलमा चहलपहल बढेको महाप्रबन्धक तिवारीले बताए ।

भैरहवा र पोखरामा अन्तर्राष्ट्रिय उडानहरू आकर्षित गर्न ल्यान्डिङ, पार्किङ, नेभिगेसन, ग्राउन्ड ह्यान्डलिङ (५० प्रतिशत छुट), यात्रुसेवा शुल्क, हवाई टिकटमा भ्याट छुट, हवाई इन्धनमा विशेष सहुलियत उपलब्ध गराइएको छ ।

# गण्डकी प्रदेशकै उत्कृष्ट स्थानीय तह बन्यो कालिगण्डकी

काठमाडौ । स्याङ्जाको कालिगण्डकी गाउँपालिका कार्यसम्पादनको मुल्यांकनको आधारमा गण्डकी प्रदेशमा पहिलो र देशभरिमै उत्कृष्ट चौथो हुन सफल भएको छ । यस्तै स्याङ्जाका ३ गाउँपालिका गण्डकी प्रदेशकै उत्कृष्ट भएका छन् । कालिगण्डकी गाउँपालिका, आँधीखोला गाउपालिका र फँदीखोला गाउपालिका क्रमशः पहिलो, दोश्रो र तेश्रो बन्न सफल भएका छन । ११ स्थानीय तह रहेको जिल्लाको ३ वटा गाउँपालिका गण्डकी प्रदेशका ८५ स्थानीय तह मध्येबाट प्रथम, द्धितिय र तृतिय भएका हुन् ।




राष्ट्रिय प्राकृतिक श्रोत तथा बित्त आयोगले गरेको कार्य सम्पादन कार्यविधि २०७८ दफा ८ को अधिनमा रही कार्य सम्पादनको आधारमा मूल्यांकन गरी अंक प्रदान गर्दा यहाँको कालीगण्डकी गाउँपालिका ७८.२ प्रतिशत अंक सहित गण्डकी प्रदेशकै प्रथम, आँधीखोला गाउँपालिका ७८ प्रतिशत अंक प्राप्त गर्दै द्धितिय र फेदिखोला गाउँपालिका ७७.९ अंक प्राप्त गर्दै तृतिय भएका हुन् । कालीगण्डकी गाउँपालिकाका अध्यक्ष खिम बहादुर थापाको यो दोश्रो कार्यकाल हो । पहिलो र दोस्रो दुवै कार्यकालमा अध्यक्ष थापाले गाउपालिकामा गरेका कामको निकै चर्चा हुँदै आएको छ ।

स्याङ्जामा ५ नगरपालिका र ६ गाउँपालिका रहेका छन ! ५ नगरपालिका मध्ये वालिङले ७३.७ अंक प्राप्त गरेको छ भने भीरकोटले ६५.७, पुतलीबजारले ७१.७ गल्याङले ६६.१ र चापाकोटले ६२.६ अंक प्राप्त गरेको छ । त्यस्तै गाउँपालिकातर्फ विरूवाले ७४.३, हरिनासले ५४.२, अर्जनचौपारीले ६४.९ अंक प्राप्त गरेका छन् । गण्डकी प्रदेशमै पहिलो बनेको कालीगण्डकी गाउँपालिका देशभरीका ७५३ वटा स्थानीय तहमध्ये चौँथो स्थानमा रहँदा दोस्रो बनेको आँधीखोला गाउँपालिका देशभरीबाट पाचौँ बनेको छ ।

## साल्ट ट्रेडिङ...

प्रदान गर्दै आएको 'म्यानेजर अफ द इयर' को अवार्ड उत्कृष्ट व्यवस्थापकहरूबाट श्रेष्ठलाई प्रदान गरेको हो । ३७ वषैदेखि साल्ट ट्रेडिङ कर्पोरेसनमा कार्यरत श्रेष्ठ सन् २००७ यता प्रमुख कार्यकारी अधिकृत (सीईओ) रहेर कार्य गरिरहेकी छन् ।

साल्ट ट्रेडिङ कर्पोरेसनमा रहेर देशभर नुन वितरणको राष्ट्रिय जिम्मेवारी पूरा गर्नका साथै उनले व्यापार विविधिकरणमार्फत साल्ट ट्रेडिङको वित्तीय दिगोपना एवं सामाजिक कल्याणमार्फत उदाहरणीय योगदान पुर्याउँदै आएकी छन् ।

## दाहालले दिएका...

अभिव्यक्ति दिँदा भोली रास्वपालाई आफ्नो पक्षमा लिन सकिने र आउँदो निर्वाचनमा आफ्नो पक्षमा पार्ने रणनीति दाहालले लिएको जस्तो देखिएको छ । दाहाल प्रधानमन्त्री रहेका बेला तत्कालिन महान्यायाधिवक्ता र नेपाल प्रहरीका महानिरीक्षक (आइजी)लाई संसदीय समितिमा उपस्थित गराएर लामिछानेका विरूद्ध कहिँ कतै सहकारी ठगी सम्बन्धमा उजुरी नपरेको बताउन लगाएका थिए । महान्यायाधिवक्ता कार्यालयले त पत्र नै पठाएर रविलाई सफाई दिएको थियो भने तत्कालिन प्रधानमन्त्री दाहालले संसदीय समितिमा उपस्थित भएर उनलाई न्यायाधिस जस्तै बनेर सफाई दिएका थिए । यसरी संसदीय समितिलाई समेत ढाँट्ने दाहालले जनतालाई ढाँट्नु कुन ठुलो कुरा हो र किकसो दाहाल ज्यु ?

## दाहालका...

दाहालका अभिव्यीक्त सरकारमाथि नभएर प्रधानमन्त्री ओलीमाथि मात्र केन्द्रित रहेका छन् । सत्ता गठबन्धनमा रहेको प्रमुख घटक नेपाली कांग्रेसमाथि दाहालले कडा अभिव्यक्ति दिएका छैनन् । दाहालका आलोचनात्मक चेतले कतिपय एजेण्डामा ओली सरकारको कार्यशैलीलाई चुनौती दिएको देखिएजस्तो भएपनि दाहाल र ओलीबीचको तिक्तता भनेको दाहाल नेतृत्वको सत्ता गुम्नु नै प्रमुख कारण रहेको छ ।

दाहालले राष्ट्रिय हितलाई हेरेर अघि बढ्नुको बदला एक व्यक्तिका विरूद्ध विष वमन गर्नु भनेको समग्र सरकारकै विरोध गर्नु नै हो । सत्ता गठबन्धनमा रहेको प्रमुख घटक नेपाली कांग्रेसप्रति दाहाल नरम रहनु भनेको सत्ता गठबन्धनभित्र द्वन्द्व बढाएर आफ्नो स्वार्थ पूरा गर्न खोज्नुले राष्ट्रको हित र मुलुकमा सुशासन कायम हुन सक्दैन ।

प्रजातन्त्रका मुलभूत मान्यता

- जनताको बहुदलीय लोकतान्त्रिक शासन प्रणाली,
- मौलिक हक र मानव अधिकार,
- आवधिक निर्वाचन,
- बालिग मताधिकार,
- नागरिक स्वतन्त्रता,
- स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका,
- कानूनी राज्यको अवधारणा,
- पूर्ण प्रेस स्वतन्त्रता,
- शक्ति पृथकीकरण, नियन्त्रण र सन्तुलन ।

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल • कार्यालय : बुद्धनगर, काठमाडौं • फोन : ४७९०२९५, मो. : ९८४१२५४८८५ • इमेल : devendrachudal@gmail.com • मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार